# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २०१ | काठमाडौं | शुक्रबार, ०५ मंसिर २०८२ | Prabhab National Daily | Friday, 21 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**वातावरण स्वच्छ राखौं**

- धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
- फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
- घर, टोल तथा सडक सफा राखौं,
- घर वरपर बोटविरूवा लगाऔं,
- सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
- वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।

**सफा वातावरण, स्वस्थ जीवन ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# विदेशबाट मतदानको विकल्प अनलाइन र हुलाक



■ प्रभाव संवाददाता

- नेपालभित्र आफ्नो निर्वाचन क्षेत्रबाहिर रहने मतदातालाई मतदानको अवसर दिन सकिने
- हरेक मतदान केन्द्रमा प्रत्यक्ष र समानुपातिकतर्फ छुट्टै मतपत्रको व्यवस्था गर्न सुझाव

**काठमाडौं–** विदेशमा रहेका नेपालीलाई मतदानका लागि नीति अनुसन्धान प्रतिष्ठानले सरकारलाई दुई विकल्प सुझाउने भएको छ । त्यो हो- अनलाइन र हुलाकको माध्यमबाट मतदान ।

नेपालमा यी दुवै माध्यमबाट हालसम्म मतदान गर्ने अभ्यास छैन । प्रतिष्ठानले भने अनुसन्धान गरेर यी दुईमध्ये कुनै विकल्पअनुसार प्रवासी नेपालीको मताधिकार सुरक्षित गर्न सकिने निष्कर्ष निकालेको हो ।

आज प्रतिष्ठानले सरकार र निर्वाचन आयोगलाई अध्ययन प्रतिवेदन बुझाउने भएको प्रतिष्ठानका प्रबन्धक लक्ष्मण भट्टराईले बताए । उनका अनुसार प्रतिवेदन बुझाएपछि विज्ञ र सरोकारावालासँग प्रतिष्ठानले छलफल गर्ने छ ।

'प्रतिवेदन शुक्रबार बुझाउँछौं सरकार र निर्वाचन आयोगलाई । अनि, विज्ञहरू र सरोकारवालासँग छलफल गर्छौं,' भट्टराईले प्रभावसँग भने । अनलाइन मतदान प्रविधिको प्रयोगबाट हुने हो । तर, जटिल हुने ठानिएको छ । कतिपयले भने मतदानको निष्पक्षता, स्वच्छता र विश्वसनीयताको प्रश्न उठ्न सक्ने जनाएका छन् ।

तर, हुलाकबाट मतपत्र पठाएर मतदान गराउने विकल्प उत्तम हुने अनुसन्धानमा संलग्न एक सदस्यले बताए । प्रतिष्ठानले अध्ययन प्रतिवेदन बुझाउन लाग्दा सरकारले भने प्रवासी नेपाली नागरिकलाई मताधिकारको अधिकार दिन अध्यादेशमार्फत् कानुन संशोधनको तयारी गरेको छ ।

निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन र निर्वाचन (कसुर तथा सजाय) ऐनमा संशोधन गरिने भएको हो ।

ती चारवटा ऐनमा संशोधन गर्दा विदेशमा रहेका बालिग नेपालीलाई मतदानको अधिकार, मतदाता नामावलीका लागि नाम संकलन, मतदान केन्द्रको व्यवस्था, मतदान अधिकृत तोक्ने कानुनी प्रावधान हुन्छ । त्यसपछि विदेशबाटै नेपालीले मतदान गर्ने छन् । सर्वोच्च अदालतले ९ चैत २०७४ मै विदेशमा रहेका बालिग नेपालीलाई मताधिकार प्रदान गर्न सरकार र निर्वाचन आयोगको नाममा निर्देशात्मक आदेश जारी गरेको थियो ।

तर, तत्कालीन सरकारको उदासीनताले २०७९ को निर्वाचनमा कार्यान्वयनमा आएन । सर्वोच्चले भने पटकपटक सरकारलाई ताकेता गरेको थियो । ताकेतापछि निर्वाचन आयोगले दुई वर्षअगाडि एकीकृत निर्वाचन विधेयकको मस्यौदामा प्रवासी नेपाली नागरिकको विवरण मतदाता नामावलीमा संकलन गर्न प्रस्ताव गरेको थियो । तर, सरकारले त्यस मस्यौदालाई अगाडि बढाएन ।

जेन-जी विद्रोहपछि भने यो मुद्दाले महत्व पायो । सुशीला कार्की नेतृत्वको नागरिक सरकारलाई जेन-जी युवाहरूले प्रवासी नेपाली नागरिकलाई मतदानको अधिकार दिइनुपर्ने दबाव दिए । प्रवासी नेपालीहरूले पनि नोट चल्ने भोट नचल्ने किन भन्दै वर्षौंदेखि प्रश्न उठाउँदै आएका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)मार्फत् उनीहरूले सरकारलाई आवश्यक कानुनी प्रबन्ध गर्न आग्रह गर्दै आएका छन् ।

क्रमशः पृष्ठ २ मा

एमाले महाधिवेशन

# अध्यक्षमा ओलीसँग भिड्न तीन जना तयार

■ जेबी योञ्जन






**काठमाडौं–** नेकपा एमालेको ११औं महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीसँग भिड्न तीन जना नेता तयार देखिएका छन् । जेन-जी विद्रोहपछि सडकमा आएको एमाले अहिले आफ्नो संगठनलाई नवीकरण गर्न मंसिर २७ बाट महाधिवेशनमा होमिँदै छ ।

उक्त महाधिवेशनमा ओलीलाई चुनौति दिन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल सार्वजनिक रूपमै तयार देखिएका छन् । गत भदौ २२ गते ललितपुरको गोदावरीमा सम्पन्न विधान महाधिवेशनले वरिष्ठ उपाध्यक्ष पद हटाउने निर्णय गरेसँगै ईश्वरले अध्यक्षमा ओलीसँग टक्कर गर्ने तयारी गरेको बताइएको छ ।

बिहीबार एमाले मुख्यालय च्यासलमा बसेको सचिवालय बैठकमा पोखरेलले आफ्नो मत ओलीसँग सेयर गरे । पोखरेलले अहिलेको पुस्ताले एमालेको नेतृत्वमा पनि पुस्तान्तरण चाहेको उल्लेख गर्दै आफू अध्यक्षको लागि योग्य रहेको बताए । 'यस्तो अवस्थामा अध्यक्षका लागि म योग्य छु । म प्रतिस्पर्धा गर्छु,' पोखरेलले भने । पोखरेलले पत्रकार सम्मेलन गरेरै आउँदो हप्ता आफ्नो उम्मेदवारी घोषणा गर्ने तयारी गरेका छन् ।

बैठकमा ओलीले आफू जोसुकैसँग प्रतिस्पर्धा गर्न तयार रहेको बताएका थिए । यद्यपि प्रतिस्पर्धामा पराजित भएपछि माधव नेपाल, भीम रावलजसरी पार्टी नै छाडेर जान नहुने विषयमा ओलीको जोड थियो । आफू अध्यक्षमा हारे पनि पार्टी एकताका लागि लागिरहेको ओलीको तर्क थियो । 'म पराजित भए पनि पार्टी एकताका लागि लागिरहे । स्वस्थ प्रतिस्पर्धा गरौं । अहिलेका आवश्यकता चाहिँ एकताबद्ध भएर अगाडि बढ्ने हो,' बैठकमा ओलीले भने ।

### विद्या र सुरेन्द्रको पनि तयारी

एमालेमा ओलीसँग भिड्न स्वच्छ छविको पात्रको खोजी भइरहेको बताइएको छ । वरिष्ठ उपाध्यक्ष पोखरेल विभिन्न प्रकरणमा जोडिएकाले अर्थ मन्त्रालयसमेत सम्हालेर अनुभव बटुलेका सुरेन्द्र पाण्डेलाई अध्यक्षको उम्मेदवार बनाउने विषयमा पनि छलफल चलिरहेको छ । 'सुरेन्द्र कमरेड धेरैले उपयुक्त पात्रका रूपमा हेर्नु भएको छ । उहाँ तयार हुनुभएमा ओलीलाई पराजित गर्न बल मिल्ने देखिन्छ,' एक स्थायी कमिटि सदस्यले भने ।

ईश्वर वा सुरेन्द्र दुबैलाई पूर्वराष्ट्रपति विद्या भण्डारीले अगाडि बढाउने बताइएको छ । दुई पात्रलाई अघि सारेसँग आफू अप्ठेरोमा पर्ने देखिए ओलीले विद्यालाई नै अध्यक्षको जिम्मेवारी दिने तयारीसमेत भइरहेको ती सदस्यले दाबी गरे । 'आफू पराजित हुने देखिएमा ओलीले विद्यालाई नै अघि सार्ने तयारी गरेको बुझिएको छ,' ती सदस्यले भने ।

एमालेमा उमेर हदबन्दीमात्र हैन दुई पटकभन्दा बढी अध्यक्ष बन्न पाइने विधान ओलीले पारित गरिसकेका छन् । ओलीको यो शैली र जेन-जी विद्रोहपछि उत्पन्न परिस्थितिले पार्टीमा संस्थापनविरुद्ध बलियो प्यानल बन्ने देखिएको छ । ओली निकट नेताहरू नै यसपटक सौराहा महाधिवेशन नदोहोरिने बताउँछन् । 'सौराहामा भीम रावल कमरेड र घनश्याम कमरेडलेमात्र आँट गर्नुभयो । यसपटक अध्यक्षविरुद्ध प्यानल नै तयार हुने देखिन्छ,' ओली निकट एक नेताले भने ।

आफू बोलेपछि महाधिवेशन सकिने बताउँदै आएका ओलीलाई यसपटक नेतृत्व जित्न धौधौ पर्ने देखिन्छ । आफ्नै गुटका शंकर पोखरेल र पृथ्वीसुब्बा गुरुङ महासचिवका दाबेदार छन् । उपमहासचिव प्रदीप ज्ञवालीले पनि महासचिवमा दाबी गरेका छन् । यसैगरी एकीकृत समाजवादी छाडेर मुलघर फर्केकी रामकुमारी झाँक्री, गोकुल बाँसकोटा, योगेश भट्टराईलाई व्यवस्थापन गर्न ओलीलाई उत्तिकै मुस्किल पर्ने देखिन्छ । यस्तो बेला पूर्वराष्ट्रपति भण्डारीले सिर्जना गरेको माहोल ओलीका लागि 'थ्रेट' बन्दै गएको छ ।

> अहिले पार्टी संकटमा छ । त्यसैले म अध्यक्षमा प्रतिस्पर्धा गर्छु
>
> **ईश्वर पोखरेल**
> वरिष्ठ उपाध्यक्ष

> स्वस्थ प्रतिस्पर्धा गरौं । माधव नेपाल र भीम रावलजस्तो नहोस् । अहिलेको आवश्यकता चाहिँ एकताबद्ध भएर अगाडि बढ्ने हो
>
> **केपी शर्मा ओली**
> अध्यक्ष

### महाधिवेशनका लागि विभिन्न उपसमिति गठन

महाधिवेशनका लागि एमालेले विभिन्न उपसमिति गठन गरेको उपमहासचिव ज्ञवालीले बताए । बैठकले ११ औं महाधिवेशनका लागि प्रतिनिधि व्यवस्थापन समितिमा काशीनाथ अधिकारीलाई संयोजक र माधव ढुंगेल सचिव तय गरेको छ । जनपरिचालनका लागि प्रदीप ज्ञवाली संयोजक र राजन भट्टराई सचिव, आवास व्यवस्थापनका लागि छविलाल विश्वकर्मा संयोजक र लालबाबु पण्डित सचिव तोकिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# दक्षिण कोरियामा श्रम कानुन उल्लंघन बढ्दो

- कोरियाको रोजगार तथा श्रम मन्त्रालयले गरेको अनुसन्धानमा १९६ मध्ये १८२ वटा कम्पनीमा श्रम कानून उल्लंघन भएको उल्लेख
- १२३ स्थानमा ज्याला नदिएको, त्यस्तै ६५ कार्यस्थलमा बढी समय काम लगाएको र १० स्थानमा कार्यस्थलमा आक्रमण वा भेदभावपूर्ण व्यवहार गरिएको
- आकर्षक रोजगार गन्तव्यको रूपमा रहेको दक्षिण कोरियामा नेपाली श्रमिकले पनि अमानवीय व्यवहार झेल्दै आएको घटना सार्वजनिक हुँदै आएका छन्

■ ममता थापा



*तस्विर एआईद्वारा निर्मित*

**काठमाडौं–** दक्षिण कोरियाका कम्पनीहरूले विदेशी श्रमिकमाथि दुर्व्यवहार गरिने घटना व्यापक बढ्न थालेको त्यहाँको एक सरकारी अनुसन्धानले देखाएको छ । कोरियाको रोजगार तथा श्रम मन्त्रालयले दुई महिनाअघि गरेको निरीक्षणले श्रमिकमाथि दुर्व्यहार बढेको पुष्टि गरेको हो ।

बुधबार मन्त्रालयले जारी गरेको प्रतिवेदनमा ९३ प्रतिशत कार्यस्थलमा श्रम कानुनको उल्लंघनसमेत भएको उल्लेख गरिएको छ । मन्त्रालयले गत अप्रिल र सेप्टेम्बरमा निरीक्षण विभिन्न कम्पनीका कार्यस्थलमा निरीक्षण गरेको थियो । निरीक्षण अवधिमा १९६ कार्यस्थलमा दुई चरणको निरीक्षण गरिएको थियो । अनुसन्धानकर्ताले १९६ मध्ये १८२ वटा कम्पनीमा श्रम कानून उल्लंघन भएको उल्लेख गरेका छन् । ती कम्पनीबाट उल्लंघनका ८४६ वटा प्रकरण भेटिएको थियो ।

यस्ता उल्लंघनहरूमा तलब भुक्तानी नगरिएको, बढी समय काम लगाएको र विभेदपूर्ण व्यवहार गरिएको पाइएको छ । जसमा सबैभन्दा धेरै १२३ स्थानमा ज्याला नदिएको पाइएको छ । त्यस्तै कार्यस्थलमा बढी समय काम लगाएको ६५ वटा, विश्राम वा बिदा प्रदान नदिइएको २२ वटा र कार्यस्थलमा आक्रमण वा भेदभावपूर्ण व्यवहार गरिएको १० वटा घटना पाइएको थियो ।


यसरी भुक्तानी नगरिएको ज्याला १.७ अर्ब वन अर्थात् ४१.१६ मिलियन डलर रहेको प्रतिवेदनमा उल्लेख छ । मन्त्रालयले श्रमिकलाई दुर्व्यवहार गर्ने १८२ कम्पनीलाई ८४४ सुधारात्मक आदेश जारी गरेको जनाइएको छ । ज्याला भुक्तानी नगरेका १२३ कम्पनीमध्ये १०३ वटाले १.७ अर्ब वन तिर्न बाँकीमध्ये १.२७ अर्ब वन तिरेको मन्त्रालयले जनाएको छ ।

गम्भीर अपराधसँग सम्बन्धित मुद्दामा सरकारले फौजदारी अभियोग लगाएको छ । काम बिगारेको भन्दै एक विदेशी कामदारलाई आक्रमण गरेपछि दक्षिण चुङचियोङको एक कम्पनीलाई अभियोजककहाँ पठाइएको थियो । त्यस्तै, ग्याङ्वोनको अर्को कम्पनीले व्यावसायिक कठिनाइ उल्लेख गर्दै गत वर्ष डिसेम्बरदेखि यस वर्षको मार्चबीचमा ११ करोड वन ज्याला भुक्तानी गरेको थिएन ।

क्रमशः पृष्ठ २ मा

# गृहमन्त्री अर्यालविरुद्ध सुधनको क्रमबद्ध आलोचना

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहमन्त्री ओमप्रकाश अर्याललाई जेन-जी अगुवा दाबी गर्ने हामी नेपालका संयोजक सुधन गुरुङले 'हत्यारा' भन्दै राजीनामा दिन दबाव बढाएका छन् । पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गराएर अनुसन्धान नगराएको भन्दै असन्तुष्ट गुरुङले अर्याललाई ' लाचार गृहमन्त्री' समेत भन्न भ्याएका छन् ।

उनी बाराको सिमरामा एमाले कार्यकर्ता र जेन-जी युवाबीच लगातार झडप भइरहेपछि गृहमन्त्री अर्यालप्रति झनै आक्रोशित छन् । पछिल्ला दिनमा अर्याल-गुरुङ सम्बन्ध निकै टकरावपूर्ण छ । अर्याललाई गृहमन्त्रीबाट हटाउन गुरुङ सक्रिय छन् । त्यही भएर राजीनामा दिन दबाव दिँदै आएका हुन् ।

यदि, अर्यालले राजीनामा नदिए आन्दोलन गरेर भए पनि हटाउनेगरी गुरुङ अघि बढेका छन् । उनले अर्याललाई चेतावनी दिँदै फेसबुक बुधबार स्टाटसमार्फत भने, 'मौनतालाई कमजोरी नठान्नुस्, जनआन्दोलनको ज्वालामुखी उठ्दैछ ।' अर्याल भने राजीनामा दिन तयार छैनन् । प्रधानमन्त्री सुशीला कार्कीसमेत अर्यालको पक्षमा छिन् । उनले यसअघि मन्त्री हटाउने अधिकार प्रधानमन्त्रीमा सीमित हुने भन्दै कसैको दबावमा गृहमन्त्रीलाई नहटाउने जवाफ दिइसकेकी छिन् ।

यसबाट गुरुङ फायर छन् । उनले बिहीबार अर्याललाई फेसबुकमै स्टाटस लेख्दै सोधे, 'त्यो बच्चाहरूको रगतले लतपतिएको कुर्चीमा बसेर हत्याराहरू, ठाडो शिर उठाएर हाँस्दै हिँडेको लाचार भएर टुलुटुलु हेरेर बस्न लाज लाग्दैन गृहमन्त्रीज्यू ?'

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह 'बालेन' र गुरुङ जेन-जी विद्रोहको पहिलो दिन सरकारी दमनमा जिम्मेवार ठहऱ्याउँदै तत्कालीन ओली र गृहमन्त्री लेखकसहितका नेतालाई पक्राउ गरेर छिटो थुन्नुपर्ने बताउँदै आएका छन् । गृहमन्त्री अर्याल भने गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कुर्ने पक्षमा छन् । आयोगले गरेको सिफारिसका आधारमा मात्रै कारबाही चलाउने उनको अडान छ । यस्तोमा गुरुङले लगालग स्टाटस लेखेर आन्दोलन गर्नेसम्मको चेतावनी दिएका हुन् ।

अर्याल यसअघि काठमाडौंका प्रमुख बालेनका कानुनी सल्लाहकार थिए । उनलाई प्रधानमन्त्री कार्कीले पहिलोपटक मन्त्रिपरिषद् गठन गर्दै समेटेकी हुन् । तर, यतिबेला उनी सुधनको तारो बनेका छन् ।

**पृष्ठ १ बाट क्रमशः**

## अध्यक्षमा...

यस्तै लेखराज भट्ट संयोजक र भीष्म अधिकारी रहेको खाद्य व्यवस्थापन समिति, गोकर्ण विष्ट संयोजक र रचना खड्का सचिव रहेको यातायात व्यवस्थापन समिति, रघुवीर महासेठ संयोजक र महेश बर्तौला सचिव रहेको अतिथि सत्कार समिति गठन भएको बैठकपछि ज्ञवालीले बताए ।

भानुभक्त ढकाल संयोजक र विनोद पाण्डे सचिव रहेका स्वयमसेवक परिचालन समिति, पद्मा अर्याल संयोजक र राजेन्द्र गौतम सचिव रहेको प्रचार समिति, विनोद श्रेष्ठ संयोजक र लोकबहादुर भण्डारी सचिव रहेको मञ्च व्यवस्थापन समिति गठन भएको छ। यस्तै, कृष्णगोपाल श्रेष्ठ संयोजक र राष्ट्रिय स्वास्थ्यकर्मी महासंघका अध्यक्ष सचिव रहेको स्वास्थ्य समिति, विष्णु रिमाल संयोजक र विना श्रेष्ठ सचिव आर्थिक समिति बनाइएको छ ।

## विदेशबाट...

तर, जेन-जी विद्रोहपछि गठित नागरिक सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले पदभार ग्रहण गरेलगत्तै प्रवासी मतदातालाई आगामी चुनावमा मतदानको अवसर दिइने बताए । नीति अनुसन्धान प्रतिष्ठानलाई त्यसबारे अध्ययन गर्न निर्देशन दिए, जसअनुसार प्रतिष्ठानले अध्ययन गरेर प्रतिवेदन बुझाउन लागेको हो ।

प्रतिष्ठानले नेपालभित्र आफ्नो निर्वाचन क्षेत्र बाहिर रहने मतदातालाई मतदानको अवसर दिन अपनाउनुपर्ने विधिबारे पनि सुझाव तयार गरेको छ। प्रतिष्ठानले नेपालभित्र अन्तर निर्वाचन क्षेत्र मतदान सहज हुने जनाएको छ ।

त्यसका लागि मतदाता नामावलीमा नाम भए पनि मतदान हुने जिल्ला र मतदान केन्द्रमा गएर भोट हाल्न नसक्नेलाई प्रत्येक मतदान केन्द्रमा छुट्टै मतपत्र र मतपेटिका राख्न सकिने प्रतिष्ठानले जनाएको हो । यस आधारमा देशको १६५ वटै निर्वाचन क्षेत्रका मतदान केन्द्रमा अन्तर क्षेत्रसम्बन्धि मतपेटिका राख्न सकिन्छ । मतपेटिका प्रत्यक्ष र समानुपातिक दुवै राख्न सकिन्छ । त्यस्तो मतपेटिकामा गरिएका मतदानलाई छुट्टै गणना गर्नुपर्ने सुझाव प्रतिष्ठानले दिने भएको हो ।

यसअघि समानुपातिकतर्फ कर्मचारी, प्रहरी, सेनाका लागि अस्थायी मतदान केन्द्रमा मतदान गराउने व्यवस्था थियो। यही मोडलमा अन्तरक्षेत्रका नेपालीलाई मतदान गराउन सकिने प्रतिष्ठानले सुझाव दिन लागेको हो ।

## दक्षिण कोरियामा...

त्यस कम्पनीले सुधारको आदेश पनि पालना नगरेकोले अभियोजककोमा पठाइएको थियो ।

स्थानीय सञ्चारमाध्यमले जनाएअनुसार एक कम्पनीका प्रबन्धकले मार्च र अप्रिलको बीचमा दुई विदेशी कामदारलाई काममा त्रुटि गरेको र खतरनाक मेसिनरीको निकट गएको भन्दै उनीहरूको टाउकोमा प्रहार गरेको जनाइएको छ। ती प्रबन्धकले सञ्चारमाध्यममा पैसा कमाउन आएका कामदारलाई चोट लाग्न नहुने भन्दै उनीहरूकै सुरक्षाको लागि आक्रमण गरेको दाबी गरेका थिए ।

यसबाहेक अन्य उल्लङ्घनमा विदेशी कामदारलाई प्रस्थान सुनिश्चत् गर्ने बिमाजस्ता अनिवार्य बिमा कार्यक्रममा समावेश नगरिएको भेटिएको छ । त्यस्तै विदेशी कामदारको रोजगार ऐनअन्तर्गत आवश्यक छात्रावासको मापदण्ड पूरा नगर्नुलगायत उल्लंघका घटना समावेश थिए उक्त रिपोर्टअनुसार रोजगार अनुमति बिना विदेशी कामदारलाई काममा राख्ने तीन कार्यस्थललाई भविष्यमा रोजगार अनुमति नपाउने गरी प्रतिबन्ध लगाइएको थियो ।

श्रम मन्त्रालयको निरीक्षणले धेरै विदेशी कामदारले सामना गरिरहेको खराब व्यवहारको पुष्टि गरेको छ । कानून उल्ल्ङ्घन गर्नसक्ने सम्भावना देखिएका कम्पनीमा प्रत्यक्ष निरीक्षण गरिने जनाइएको छ। श्रम अवस्थाको सुधार गर्न प्रोत्साहित गर्न मन्त्रालयले ठूलो संख्यामा रोजगारी दिने कार्यस्थल, स्थानीय सरकार र विदेशी कामदार समर्थन केन्द्रसँग पनि सहकार्य गरेर यो अवस्थाबारे जानकारी गराउने जनाएको छ ।

दक्षिण कोरियाले नेपालसहित १७ वटा मुलुकबाट इपिएस प्रणालीमार्फत श्रमिकहरू लैजाँदै आएको छ। सन् २००८ यता इपिएस प्रणालीमार्फत एक लाख २० हजारभन्दा बढी नेपाली युवाले कोरिया रोजगारीको अवसर पाएका छन् । आकर्षक रोजगार गन्तव्यको रूपमा रहेको कोरियामा नेपाली श्रमिकले पनि अमानवीय व्यवहार झेल्दै आएको घटना यसअघि पनि सार्वजनिक भएका थिए । त्यहाँका श्रममन्त्री किम योङ-हुनले भने आधार भूत श्रम अधिकारको संरक्षणमा कोरियाली र विदेशी कामदारबीच कुनै भिन्नता मान्य नहुने बताउँदै आएका छन् ।

# निर्वाचनमा सेना परिचालन गर्न सिफारिस

**काठमाडौं–** आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गरिएको छ । प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बिहीबार बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेना परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरिएको रक्षा मन्त्रालयका सचिव एवं राष्ट्रिय सुरक्षा परिषद्का सदस्य सचिव सुमनराज अर्यालले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

आजको बैठकमा राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरू, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभाव तथा चुनौती र अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा छलफल भएको थियो ।

साथै राष्ट्रिय सुरक्षा परिषद्को आठौं वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को मस्यौदामाथि छलफल भएको थियो । उक्त मस्यौदामा आवश्यक संशोधनसहित स्वीकृति गरी नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रपतिसमक्ष पेस गर्नेसमेत निर्णय भएको जनाइएको छ ।

# भक्तपुर अस्पताल प्रदेशकै उत्कृष्ट घोषणा

**भक्तपुर–** भक्तपुर अस्पताल यस वर्ष पनि बागमती प्रदेशभित्रका अस्पतालमध्ये प्रदेशकै उत्कृष्ट अस्पताल घोषणा भएको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका अस्पताल, जनस्वास्थ्य कार्यालय र आयुर्वेदिक अस्पतालको आयुर्वेद तथा वैकल्पिक चिकित्साको मूल्याङ्कन गरी उत्कृष्ट घोषणा गरेको हो ।

प्रदेश मातहत रहेका प्रादेशिक अस्पतालमध्ये सबैभन्दा बढी अंक ल्याउँदै भक्तपुर अस्पताल प्रदेशकै उत्कृष्ट अस्पताल घोषित भएको बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले जानकारी दिइन् । अस्पतालले प्रदान गर्ने सेवासुविधा, कार्यसम्पादनका विभिन्न शीर्षकअन्तर्गत रहेका सूचकको मूल्याङ्कनमा कूल १०० अङ्कमध्ये भक्तपुर अस्पतालले ७१ दशमलव १० अङ्क प्राप्त गर्दै भक्तपुर अस्पताल उत्कृष्ट घोषित भएको जानकारी दिइन् ।

मन्त्रालयकी सचिव डा गौतम यस अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट भएर आएपछि रिफरल सेन्टरका रूपमा रहेको भक्तपुर अस्पतालाई नमुनाका रूपमा सेवा विस्तार गर्दै प्रदेशको उत्कृष्ट अस्पताल बनाउन सफल भएकी थिइन् । भक्तपुर अस्पतालका निमित्त निर्देशक डा सुरेन्द्र भट्टले यस वर्ष पनि प्रदेशभित्रको अस्पतालमध्ये भक्तपुर अस्पताल उत्कृष्ट भएको बताउँदै केन्द्रीय मूल्याङ्कनमा पनि पुनःउत्कृष्ट हुनेगरी कार्यसम्पादन गरिरहेको बताए ।

एक सय अङ्कमध्ये ७० दशमलव ७२ प्राप्त गरी त्रिशूली अस्पताल प्रदेशमा दोस्रो हुन सफल भएको छ भने चौतारा अस्पताल तेस्रो भएको छ । त्यसैगरी, बागमती प्रदेश सरकार मातहत रहेका जनस्वास्थ्य कार्यालयमध्ये सबैभन्दा बढी अङ्क ल्याउँदै जनस्वास्थ्य कार्यालय ललितपुर प्रदेशकै उत्कृष्ट जिल्ला घोषित भएको छ । जनस्वास्थ्य कार्यालय धादिङ ७० दशमलव ८६ अङ्क प्राप्त गरी दोस्रो भएको छ भने जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकले ७० दशमलव ६४ अङ्क प्राप्त गरी तेस्रो भएको भट्टले बताए ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालयतर्फ सिन्धुली जिल्ला ७२ दशमलव ६० अङ्क प्राप्त गरी उत्कृष्ट भएको छ। आयुर्वेद तथा वैकल्पिक चिकित्सालय नुवाकोटले ७० दशमलव १० अङ्क प्राप्त गरी दोस्रो र चितवन जिल्ला तेस्रो भएको छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : MISSION GENERAL CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 333892 चलानी नं. ६०२४७६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ४२,८२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ३८,९३० | | | | | | | |
| 3 | Scaffolder | 1 | 0 | 1200 | ४६,७१६ | | | | | | | |
| 4 | Plaster | 2 | 0 | 1100 | ४२,८२३ | | | | | | | |
| 5 | Workshop Supervisor | 2 | 3 | 2500 | ९७,३२५ | | | | | | | |
| 6 | CONSTRUCTION CARPENTER ASST | 4 | 0 | 1100 | ४२,८२३ | | | | | | | |
| 7 | Stone Mason | 2 | 0 | 1100 | ४२,८२३ | | | | | | | |
| 8 | Plaster Labor | 1 | 0 | 1100 | ४२,८२३ | | | | | | | |
| 9 | Electrician (Grade II) | 2 | 0 | 1200 | ४६,७१६ | | | | | | | |
| 10 | Plumber Assistant | 1 | 0 | 1100 | ४२,८२३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 646/063/064
**Career International Services (P.) Ltd.**
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**कतारमा रोजगार** कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 311682 चलानी नं. ६०२२६१९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales-Man | 0 | 1 | 1400 | ५४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1400 | ५४,३८० | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३८,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**कतारमा रोजगार** कम्पनी : AZOOSS TRADING AND CLEANING

पूर्व स्वीकृति मिति : २०८१/१२/०२ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 320415 चलानी नं. ६०२३४५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 7 | 5 | 1000 | ३८,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ground Steward (Female) | 0 | 5 | 1200 | ४६,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



**साउदीमा रोजगार** कम्पनी : GULF MODEL GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 333827 चलानी नं. ६०२४७६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३७,९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 5 | 0 | 2500 | ९४,९१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**कुवेतमा रोजगार** कम्पनी : OLIVIA LAND FOR PASTERY AND BAKERY CO

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 311244 चलानी नं. ६०२२५८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 2 | 150 | ६९,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Drivers | 1 | 0 | 150 | ६९,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**युएईमा रोजगार** कम्पनी : M B K SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ LT. No. 329733 चलानी नं. ६०२४३५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | security guard (psbd) | 100 | 20 | 2000 | ७५,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Inspire
श्रम ईजाजत नं. १३६३/०७४/०७५
**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



**Budhiganga Municipality**
**Office of the Municipal Executive**
Kuldevmandu, Bajura
Sudurpaschim Province, Nepal

**Invitation for Sealed Quotation**

**First Date of Publication: 05/08/2082**

1. Budhiganga Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Budhiganga Municipality, Office of The Municipal Executive, Kuldevmandu, Bajura, phone no. 9840073762 or, email: ito.budhigangamun7@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall not be held.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.

**Details of Works**

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| BM/SQ/ 02/82-83 | Procurement and Transportation of Veterinary Medicines in Budhiganga Municipality | 1,000.00 | 12,56,910.00 | 35,000.00 | Validity up to 75 days from the last date of bid submission | 2082/08/21 12:00 hrs | 2082/08/21 13:00 hrs |

**Information to deposit the cost of bidding document & Bid Security (Cash) in Bank:**

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Name of the Bank | | Siddhartha Bank Limited, Falasain Branch, Bajura | |
| Name of the Office/Account Name | | Budhiganga Municipality, Bajura | |
| Office Code no: | | 801076903 | |
| Rajaswa Account no: | 03115263439 | Dharauti Account No. | 03115110332 |
| Rajaswa (revenue) Shirshak no: | 03115263439 | | |

5. The Budhiganga Municipality, Office of the Municipal Executive, Kuldevmandu, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**



**दुल्लू नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुल्लू, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**



**बोलपत्रको आर्थिक प्रस्ताव खोलिने बारेको सूचना ।**

**सूचना प्रकाशित मिति २०८२।०८।०५**

यस कार्यालयको चालु आ.व.०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न योजनाको निर्माण सम्वन्धि कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा तपसिल अनुसारका फर्महरुको बोलपत्रको प्राविधिक प्रस्तावहरुको मूल्यांकन समितिवाट मूल्यांकन गर्दा तपसिलका बोलपत्रदाताहरु उर्तीण भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले सो को प्राविधिक प्रस्ताव स्वीकृत गरी सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१ (ङ) को उपनियम (५) र सोहि नियमावलीको नियम ३१ (ज) उपनियम ( ५) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ८ औ दिनको दिउसो २.०० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

| स्वीकृत ठेक्का नं. | योजनाको नाम | क्र.स. | उर्तीण बोलपत्रदाताको नाम | ठेगाना |
|---|---|---|---|---|
| Works/NCB/ DM/13/2082/083 | बारतडी शान्तिबजार किर्तिखम्व पटाङ्गिनि गडि सडक स्तरोन्नती दुल्लू नगरपालिका ४,५,७ र ८ दैलेख | १ | Bishal-P.N.S.J.V. | वीरेन्द्रनगर ११, सुर्खेत |
| | | २ | Gajanan-Hariyali J/V | काठमाडौ |
| | | ३ | DKC & KNS JV Surkhet | चन्द्रागिरी १२, काठमाण्डौं |
| | | ४ | S&C/H.N JV | दुल्लू नगरपालिका ८, दैलेख |

**प्रमुख प्रशासकीय अधिकृत**

# ट्राफिक प्रहरीद्वारा फेला परेका सवारीसाधन हस्तान्तरण

**काठमाडौं–** प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका ५१ दुईपाङ्ग्रे सवारीसाधन फेला पारेरसम्बन्धीत धनीलाई हस्तान्तरण गरेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकाका विभिन्न स्थानबाट विभिन्न मितिमा चोरी भएका ३३ मोटरसाइकल र १८ स्कुटर गरी ५१ दुईपाङ्ग्रे सवारीसाधन फेला पारेर आज सम्बन्धीत धनीलाई बुझाएको हो । ट्राफिक कार्यालयमा बिहीबार आयोजित कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) ओमप्रसाद अधिकारी र ट्राफिक कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)नवराज अधिकारीले संयुक्त रूपमा धनीलाई हस्तान्तरण गरेका थिए ।

ट्राफिक कार्यालयमा प्राप्त निवेदनका आधारमा खोजेरसम्बन्धीत धनीलाई हस्तान्तरण गरिएको कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले जानकारी दिए । खोजी गर्ने क्रममा केही वास्तविक नम्बर प्लेटमा र केही नक्कली नम्बर प्लेट राखेको अवस्थामा फेला परेको थियो । ट्राफिक प्रहरीले उपत्यकाको गोङ्गबु, नयाँबसपार्क, बालाजु, सीतापाइला, रानीबारी, बौद्ध, बालकुमारी, कोटेश्वर, काँडाघारी, पुतलीसडक, अनामनगर, सिंहदरबार, मालिगाउँ, गट्ठाघर, लुभुलगायतका क्षेत्रबाट उक्त सवारीसाधन फेला पारेको थियो ।



ट्राफिक प्रहरीले चालू आवमा उपत्यकाका विभिन्न स्थानबाट हराएका ९१ दुई पाङ्ग्रे सवारीसाधन फेला पारेर सम्बन्धीत धनीलाई जिम्मा लगाइसकेको छ भने चोरीमा संलग्न १९ जनालाई पक्राउ गरेको छ । ट्राफिक कार्यालयले आव २०८०/०८१ मा ४१७ र ०८१/०८२ मा ५०३ ओटा दुई पाङ्ग्रे सवारीसाधन खोजेरसम्बन्धीत धनीलाई जिम्मा लगाइसकेको छ ।

सवारी साधन चोरी तथा हराउनबाट रोक्न आफ्नो सवारी साधन सुरक्षित स्थानमा पार्किङ गरी ह्वील लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरन जडान गर्न साथै मानिसको आवत-जावत नहुने एकान्त स्थानमा सवारी साधन पार्किङ नगर्न ट्राफिकले सबैलाई अनुरोध गरेको छ । सवारी साधन हराएमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३ वा नेपाल प्रहरीको हटलाइन नं १०० मा फोन गर्न र नजिकको प्रहरी कार्यालयमा निवेदन दिन सकिने कार्यालयले जनाएको छ । *रासस*

# स्थानीयले द्वन्द्वकालमा जलेका लालपुर्जा २३ वर्षपछि पाए

**किमाथाङ्का–** संखुवासभाको चैनपुर नगरपालिका-८ र ९ का जग्गाधनीले २३ वर्षपछि लालपुर्जा पाएका छन् । द्वन्द्वकालमा आगलागीमा नष्ट भएका अभिलेखका कारण २३ वर्षसम्म लालपुर्जाबाट वञ्चित चैनपुरका स्थानीयले जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) पाएका हुन् ।

विसं २०५९ वैशाख १४ गते तत्काली माओवादी द्वन्द्वका बेला चैनपुरस्थित नापी तथा मालपोत कार्यालयमा भएको आगजनीका कारण क्षति हुँदा नापी कार्यालयमा रहेका सक्कल नक्सा र फिल्डबुक तथा मालपोत कार्यालयमा रहेका जग्गाधनी दर्ता श्रेस्ता (मोठ)लगायत महत्त्वपूर्ण कागजात पूर्ण रूपमा नष्ट भएका थिए ।

तत्कालीन बेला आगलागीमा नष्ट भएका चैनपुर-८ र ९ का एक हजार १९० जग्गाधनीले २३ वर्षपछि लालपुर्जा पाएका विशेष नापी कार्यालय चैनपुरका प्रमुख हरिशरण नेपालले जानकारी दिए । नेपालका अनुसार नापनक्सा सकिएका चैनपुर-९ का ६२७ र वडा नं ८ का ५६३ जग्गाधनीले लालपुर्जा पाएका छन् । कागजात नभएकाले स्थानीयले लामो समयदेखि कानुनी झन्झट र सम्पत्ति प्रयोगमा समस्या झेल्दै आएका थिए । विसं २०७६ माघ १३ गतेको मन्त्रिपरिषद् निर्णयअनुसार अभिलेख पुनःस्थापनाका लागि विशेष नापी कार्यालय स्थापना गरिएको थियो ।

हाल विशेष नापी कार्यालयले सङ्खुवासभाका चैनपुर, पाँचखपन, मादी र धर्मदेवी नगरपालिकामा नापनक्सा तथा लालपुर्जा वितरणको काम गरिरहेको प्रमुख नेपालले जानकारी दिए । नेपालका अनुसार सीमित स्रोतसाधन र जनशक्तिका कारण चार पालिकाको २४ हजार हेक्टरमध्ये हालसम्म सात हजार ५०० हेक्टरको नापनक्सा सम्पन्न भइसकेको छ । *रासस*

# पनौती र रोशीका १२३ परिवारलाई खानेपानीको पहुँच

**काभ्रेपलाञ्चोक–** यहाँको दुई वडामा खानेपानी आयोजना सम्पन्न भएका छन् । पनौती नगरपालिका-२ कुशादेवी स्थित बोलखे गाउँको ६० परिवार र रोशी गाउँपालिका-११ भिमखोरीको ६३ परिवारमा प्रदेश सरकार तथा विभिन्न संस्थाको सहयोगमा खानेपानी व्यवस्थापन गरिएको हो ।

बोलखे गाउँमा खानेपानी व्यवस्थापनपछि सुरक्षित खानेपानीयुक्त समुदायसमेत घोषणा गरिएको छ । स्वीस सरकार र युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र दिगो विकासका लागि नागरिक मञ्च (सिविक) फोरमको सहजीकरणमा ६० घरधुरीमा खानेपानी पुर्‍याइएको हो । खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा गत साउन १५ गते जारी 'सुरक्षित खानेपानीयुक्त समुदाय दिग्दर्शन पुस्तिका-२०८२' अनुसूची-३ मा उल्लेखित न्यूनतम सूचक पुरा भएपछि 'सुरक्षित खानेपानीयुक्त समुदाय' घोषणा गरिएको हो ।

रु ४० हजार श्रमदानसहित रु तीन लाख ४२ हजारको लागतमा निर्माण सम्पन्न उक्त खोनेपानी योजनाअन्तर्गत एक इन्टेक निर्माण गरी संरचनाको सुरक्षार्थ काँडेतारबार लगाइएको छ भने ४०० मिटर पाइप, 'एन्फो' पानी परीक्षण किट खानेपानी सरसफाइ तथा उपभोक्ता समितिलाई उपलब्ध गराइएको छ । प्रत्येक घरधुरीका सदस्यलाई सरसफाइ प्रवर्द्धनसम्बन्धी अभिमुखीकरण कार्यक्रमसमेत गरिएको फोरमका कार्यकारी अधिकृत बसन्त कुँवरले जानकारी दिए । कुँवरका अनुसार यस योजनामा पानी शुद्धिकरणका लागि स्वचालित 'क्लोरिनेशन' प्रणाली जडान गरिएको छ ।

यसैगरी बाग्मती प्रदेशको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको आर्थिक सहयोगमा भिमखोरी खानेपानी तथा सरसफाइ आयोजनामार्फत् ६३ परिवारका ३ सय ७२ लाभान्वित भएका छन् । रु ८४ लाख ६१ हजार २५९ र जनश्रमदान बापत रु ५ लाख ६२ हजार ६६२ गरी रु ९० लाख २३ हजार ९२१ लागतमा आयोजना सम्पन्न भएको खानेपानी तथा सरसफाइ डिभिजन नम्बर ३ सिन्धुपाल्चोकका डिभिजन प्रमुख सृष्टि ख्वालपालले जानकारी दिइन् । उक्त आयोजनामार्फत पाँच हजार ६५० मिटर टाढा रहेको मुहानबाट पानी ल्याएर प्रत्येक घरमा वितरण गरिएको हो । *रासस*

## जापानमा रोजगार

कम्पनी : NISHINIHON MONOZUKURI COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ | LT. No. 327532 | चलानी नं. ६०२४१३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Processing | 2 | 0 | 177225 | १,६०,५३५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Samakhushi-26,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almighty.aims@gmail.com , Web: almightymanpower.com
Govt. License No. 1440/074/75

## कुवेतमा रोजगार

कम्पनी : CREATION BURGER RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333930 | चलानी नं. ६०२४७६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitresses | 0 | 12 | 140 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BAKERY CHEF | 2 | 0 | 180 | ८३,४०५ | | | | | | | |
| 3 | LINE COOKS | 6 | 0 | 150 | ६९,५०५ | | | | | | | |
| 4 | Cleaners (Indoor) | 4 | 0 | 120 | ५५,६०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## मलेसियामा रोजगार

कम्पनी : ABADI BERSATU SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०८/०३ | LT. No. 333913 | चलानी नं. ६०२४७६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kist Human Resource Pvt.Ltd.
Govt.Lic. No. 1157/073/074
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com

## साइप्रसमा रोजगार

कम्पनी : COSTAS THEODOROU

पूर्व स्वीकृति मिति : २०८१/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ | LT. No. 303528 | चलानी नं. ६०२१८४०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 11 | 400 | ६५,६२५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : S. MERK. ENTERPRISES LTD.

पूर्व स्वीकृति मिति : २०८१/१६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ | LT. No. 311013 | चलानी नं. ६०२२५५५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER | 0 | 8 | 700 | ११४,८४५ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२/०८/०५**

यस कार्यालयबाट मिति २०८२/०५/२० गतेको प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ को (ङ) उपनियम (५) बमोजिम तपशिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | बोलपत्र खोलिने मिति समय र स्थान |
|---|---|---|---|
| 07/LCM/W/2082/83 | Construction Of Black Top Work In Ward no. 7,8,9 &10 | J.B. Bhandari Bros JV Pahalmanpur-01, Kailali | २०८२/०८/१२ गते दिउसो २:०० बजे लम्किचुहा नगरपालिकाको कार्यालय भल्का -०२, कैलाली |
| | | Nirajan-Samip JV Tikapur-01, Kailali | |
| | | Bardiya Black Buck Construction Pvt. Ltd. Gulariya-08, Bardiya | |

**प्रमुख प्रशासकीय अधिकृत**

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

## Khumbu Pasanglhamu Rural Municipality
## Office of the Rural Municipal Executive
Chaurikharka, Solukhumbu, Koshi Province

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-08-05 (21st Nov, 2025)**

यस कार्यालयबाट मिति २०८२/०६/३१ मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Bid Price (Including VAT), NRs | Remarks |
|---|---|---|---|---|
| 10/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Construction of MRF in Lukla. | R.K. New Vision Construction and Suppliers | 9729667.15 | |
| 08/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Phakding Road and waste management construction work. | Solu Himayalan Construction, Solududhkunda-07, Solukhumbu | 2223885.09 | |
| 06/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Dhamma Sagar Bipashyana meditation center's building construction work. | Chandeshwori Construction Firm, Likhupike, Solukhumbu | 4574607.00 | |
| 07/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Jorsalle Larchadobhan trail construction work. | Soloman Constraction, Paiyan, Solukhumbu | 2016001.85 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा-७, चावहिल, काठमाडौं, फो नं.- ०१-४५८३५९६

### कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२२**
**दोस्रो पटक प्रकाशित मिति: २०८२/०७/१३**
**तेस्रो पटक प्रकाशित मिति: २०८२/०८/०५**

यस संस्थाबाट कर्जा लिएका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले तपशिलमा उल्लेखित अचल सम्पत्ति धितो राखी लिएको ऋण समयसिमा भित्र चुक्त नगर्नु भएकोले कर्जा लिंदाका बखत यस संस्थासँग गरेको शर्त कवुलियत उल्लंघन हुन गएको र पटक पटक प्रत्यक्ष भेटबाट, मौखित एवं लिखित तथा टेलिफोन सम्पर्कद्वारा सूचनाहरु पठाई तारताकेता गर्दा पनि ऋणको तिर्नुपर्ने साँवा, ब्याजा र अन्य दै-दस्तुर नतिरेको/नबुझाएको हुनाले यो सूचना प्रकाशित गर्न संस्था बाध्य भएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनुपर्ने ऋणको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत दिइएको म्यादभित्र कर्जा चुक्ता गर्नुहुन अनुरोध छ । अन्यथा ऋण असुलिका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ सहकारी मापदण्ड २०६८ र संस्थाको विनियम तथा संस्थाको कर्जा असुली कार्यविधि बमोजिम धितोमा रहेको घरजग्गा लगायत लिगलिगापात लिलाम बिक्रीको कार्य गरिनेछ । ऋण लिदाको समयमा संस्थालाई दिएको धितो लिलामबाट सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबै ऋणीको जानकारीका निमित्त यो सूचना प्रकाशन गरिएको छ । यसरी धितो लिलाम गर्दा ऋण असुल नभएमा अपुग रकम ऋणी सदस्य, व्यक्तिगत धन जमानी बस्ने र एकाघरका सगोलका व्यक्तिहरूबाट प्रचलित कानुन अनुसार असुलउपर गरिने छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | धनजमानिको तिनपुस्ते विवरण |
|---|---|---|
| १. | नाम : केदार विश्वकर्मा<br>ना.प्र.नं. : २८६०८, दोलखा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नम : लाल बहादुर विश्वकर्मा<br>ठेगाना : का.जि. बुढानिलकण्ठ-२, भंगाल, कपन | १. नाम : राजु विश्वकर्मा<br>ना.प्र.नं. : १४८८८५, सिन्धुपाल्चोक<br>बाबुको नाम : अमिर बहादुर विश्वकर्मा<br>बाजेको नाम : साने कामी<br>ठेगाना : सुनकोशी-४, सिन्धुपाल्चोक हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| | | २. नाम : केवल गुरू<br>बाबुको नाम : गणेश गुरू<br>बाजेको नाम : विष्णु गुरू<br>ठेगाना : चपुर-३, रौतहट<br>हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| **धितोको विवरण**: केदार विश्वकर्माको नाममा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला बुढानिलकण्ठ-२, भंगाल हाल (साविक चपली भद्रकाली ८) नक्सा सिट नं.१०२०९०८१९ कित्ता नं.१९, क्षेत्रफल ९५.३८-०-०-० व.मी जग्गा घर लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |
| २. | नाम : बिराज सिलवाल<br>ना.प्र.नं. : २४१०७३/१८१५९ सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक<br>हाल का.म.न.पा-७, चावहिल, काठमाडौं | १. नाम : शर्मीला सिलवाल<br>ना.प्र.नं. : १५१०४७, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | २. नाम : निराज सिलवाल<br>ना.प्र.नं. : २४-०-३९-०५५३९, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | ३. नाम : धिरज विक्रम सिलवाल<br>ना.प्र.नं. : २४-०-७१-००४७५, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| **धितोको विवरण**: बिराज सिलवाल, निराज सिलवाल र धिरज विक्रम सिलवालको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुपाचोक, चौतारामा संयुक्तको नाममा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ -९, मा रहको वडा नं./नक्सा सिट नं.९ कित्ता नं.३४७, ३४८, रैकर निजी क्षेत्रफल, रोपनी/ब.मि ५-२-३-२, २६३५.११, ६-८-३-०, ३३३०.६६ जम्मा क्षे.फ.व.मी ५,९६५.७७ जग्गा लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कांग्रेस कुहिरोका काग नबन

मुलुकको निर्णायक शक्ति नेपाली कांग्रेस अहिले आन्तरिक किचलोका कारण अनिर्णयको बन्दी बन्न पुगेको छ । गुटगत किचलोले महाधिवेशनको कार्यतालिका ल्याउने सकेको छैन । असोज २८ बाट शुरु भएको केन्द्रीय समिति निचोडमा पुग्न पटकपटक प्रयास गर्दा पनि टस न मसको स्थिति छ ।

निर्वाचन घोषणा भइसकेको अवस्थामा लोकतान्त्रिक दलहरूले कांग्रेसको निर्णय पर्खेर बसेको छ । माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन हुँदैछ । फागुन २१ गते प्रतिनिधि सभाको । निर्वाचन प्रयोजनका लागि निर्वाचन विरोधी दलको रूपमा हेरिएको एमाले राष्ट्रिय सभा निर्वाचनका लागि आयोगमा पुगिसकेको छ । उसले ११औं महाधिवेशनको माहोल पनि तयार गरिसकेको छ ।

तर कांग्रेस जो प्रजातन्त्रको अगुवाई गर्ने दलको रूपमा हेरिरहेको छ, अहिले कुहिरोको काग झैं बनिरहेको छ । अहिले कांग्रेस चारतिर बाँडिएको छ । कोही निर्वाचनअघि जसरी पनि महाधिवेशन हुनुपर्छ भनेर भेला गरिरहेका छन् भने कोही यस्तो हुनै सक्दैन भनेर समूह बनाएर हिंडेका छन् । कुनै पक्षले विशेष महाधिवेशनमा जोड दिँदै अब नियमितको कार्यतालिका स्वीकार नगर्ने अडान जारी राखेका छन् ।

मुलुकका हरेक परिवर्तनलाई संस्थागत गर्न कांग्रेसले अगुवाई लिँदै आएको इतिहास छ । यसपटक भदौ २३ र २४ गते जेन–जी पुस्ताले सुशासन माग्दै आन्दोलन गरे । सत्तामा कांग्रेसले नै अडाएको एमाले थियो । एमाले अध्यक्ष केपी शर्मा ओलीको अराजक शैलीमा कांग्रेसले अंकुश लगाउन नसक्दा धेरै थोक कांग्रेसले नै गुमायो । कांग्रेस यसपटक पहिलो दल बनेको थियो । तर पनि सत्ताको नेतृत्व गर्न सकेन ।

'वेटिङ प्राइममिनिस्टर'का रूपमा हेरिएका सभापति शेरबहादुर देउवा आफ्नै निवासमा कुटिए । आफू कुटिएपछि देउवाले असोज २८ गते उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेवारी दिएका थिए । खड्काकै नेतृत्वमा सानेपामा पछिल्लो परिस्थितिबारे महिना दिन बहस गऱ्यो । त्यसपछि निर्णय सार्वजनिक गर्न बोलाइएको बैठक कात्तिक २८ देखि पटकपटक सर्दै आएको छ । बिहीबार बस्ने भनिएको बैठक पनि अन्तिम समयमा आएर भोलिका लागि सारिएको छ ।

अहिलेको अन्तरिम सरकार गैरदलीय सरकार हो । यो सरकार संक्रमणकालका लागि बनेको हो । त्यसैले प्रतिनिधि सभाको निर्वाचन नै संवैधानिक सर्वोच्चता स्थापना गर्ने आधिकारिक बाटो हो । यसमा सहभागी भएर अरु दललाई पनि यही मार्गमा ल्याउने काम कांग्रेसको हो । अब नअलमलिकन कांग्रेस चाँडो निर्णयमा पुगोस् ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# 'कम्युनिस्टले देशलाई भड्खालोमा हाले'



सिपी मैनाली
महासचिव, नेकपा माले

एमाले कार्यकर्ता र जेन–जी युवाबीच बाराको सिमरामा लगातार झडप भइरहेको छ । झडपपछि बाराको सिमरा पूरै अशान्त छ । त्यहाँको प्रशासनले स्थितिलाई नियन्त्रणमा लिन कर्फ्यू आदेश जारी गरेको छ । यसले निर्वाचन सुरक्षामा गम्भीर चुनौती रहेको देखाउँछ । २१ फागुनमा हुने चुनावअघि भएको यस्ता झडपले चुनावी सुरक्षा व्यवस्थामा सरकार कमजोर रहेको देखाउँछ । जबकि, प्रधानमन्त्री सुशीला कार्कीले बुधबारमात्रै १२७ दलका नेताहरूसँग चुनावमा सहभागिता र चुनावी सुरक्षाबारे छलफल गरेकी थिइन् । छलफलमा सहभागी नेकपा मालेका महासचिव **सिपी मैनाली**सँग चुनाव, चुनावमा सहभागिता, जेन–जी विद्रोहपछि देशको राजनीतिलाई कसरी ट्र्याकमा ल्याउने ? राजाभक्ति हुनुको कारण के र नेकपा एमाले किन विलोपको दिशामा गयो ? यिनै सवालमा केन्द्रित रहेर *प्रभाव दैनिक*का लागि **जेबी योञ्जन**ले गरेको संवाद :

**बारामा एमाले कार्यकर्ता र जेन–जी युवाबीच झडप रोकिएको छैन । प्रधानमन्त्री सुशीला कार्कीसँग बुधबारमात्रै तपाईंसहित दलका प्रतिनिधिले संवाद गर्नुभयो । चुनावी सुरक्षाबारे कुरै भएन ?**

अवश्य, ति कुराहरू उठे । पहिलो कुरो सिद्धान्ततः त्यहाँ दलहरूले चुनावको विरोध गरेनन् । धेरै दलले त चुनावका लागि दल दर्ता गरिसकेका छन् । एमालेले चुनावै प्रयोजनका लागि दल दर्ता गरेको छैन । यद्यपि, एमाले प्रतिनिधिले पनि त्यहाँ हामी चुनावको विरोधी होइनौं भने ।

हामीले चुनावी सुरक्षाको प्रश्न पनि उठायौं । जस्तो कि, भदौ २३ गते भएको दमनकाण्डका दोषीहरूलाई अहिलेसम्म कारबाही नगर्नु एउटा थ्रेट हो । २४ गते जुन ढंगको आगजनी, तोडफोड र लुटपाट भयो, त्यसका दोषीलाई किन कठघरामा ल्याइँदैन ? दोस्रो कुरा भयो ।

त्यसबेला बन्दुकका गोली र हतियारहरू कब्जा भए । प्रहरीका युनिफर्म कब्जा भए । भोलि तिनै गोली र बन्दुक प्रहरीको युनिफर्म लाएर मानिसहरूले चुनाव बिथोल्दैनन् ? यसमा सरकारले के गरेको छ ? अपराधी घोषित र आरोपित मान्छेहरू पनि जेलबाट फरार भए । उनीहरूबाट सुरक्षा चुनौती हुन सक्छन् भनेर कुरा भयो । अर्को महत्वपूर्ण कुरा, जेन-जी विद्रोहपछि देश जुन ठाउँमा आएको छ, देशमा धेरै समस्या देखा परेका छन् । संविधानमा संस्थागत गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, विदेश नीति, अर्थनीति, गरिबी, महंगी, बेरोजगारी, सुशासन, दण्डहिनता, भ्रष्टाचार यी तमाम कुरा जोडिएका छन् । यी कुराहरूको सम्बोधन हुँदैन भने त्यसले आन्दोलनको सम्भावना राखिरहन्छ ।

**चुनाव नै बिथोलिन्छ ?**

चुनावको शान्ति सुरक्षामा प्रश्न खडा गर्छ । जेन-जी नवयुवाहरू जसको पछाडि टीओबीजस्ता तत्वहरू छन् । यो कुरा बुझ्नुपऱ्यो । टीओबी नेपाली शक्ति होइन । त्यति मात्रै होइन, अर्को ठूलो शक्ति लागेको देखिन्छ । त्यो सबैलाई थाहा छ । त्यो शक्तिले देशमा पूर्णरूपमा टीओबी नियन्त्रित सरकारको माग गरिरहेको देखिन्छ, जसले गर्दा समयसमयमा टीओबीका मान्छेहरू सुशीला कार्कीको सरकारलाई नै बदलेर अर्को ल्याउने कुरा गरिरहेका छन् । अरु समुदायहरू छन् जो हाम्रो राष्ट्रियता कमजोर भयो र बाहृय शक्तिहरू हावी भए भने फिजीजस्तो बनाउने, भुटानजस्तो बनाउने, सिक्किमजस्तो बनाउने खेल खेलिरहेका थिए । अहिले आएर नेपाललाई युक्रेनजस्तो बनाउने प्रयत्न भइरहेको छ ।

यो सरकार गठन भएपछि तथाकथित फ्रि टिबेटको निर्वाचित सरकारको संरक्षक दलाइ लामाले शुभकामना दिए । २०१९ सालपछि अथवा जबदेखि तथाकथित फ्रि टिबेट सरकार भन्यो, तबदेखि शुभकामना नेपालले पाएको थिएन । नेपालले तिब्बतको निर्वाचित सरकारलाई चिन्छ न त्यो अभियानलाई वैधानिक ठान्छ ।

प्रधानमन्त्रीसँगको बैठकमा यस्ता बाह्य शक्तिहरूको चंगुलबाट मुक्त गरेर देशलाई साँचो अर्थमा स्वतन्त्र, सार्वभौम र यहाँको शान्ति सुरक्षालाई कायम गर्ने र विकास निर्माण अघि लैजाने किसिमको राजनीतिक परिवर्तन आवश्यकता छ भन्यौं । त्यो सम्बोधन भइसकेको छैन र सम्बोधन नभएका माग पनि सुरक्षाका चुनौतीहरू हुन् भन्यौं ।

**दुई दिनदेखि बाराको सिमरामा एमाले र जेन–जी युवाबीच झडप भइरहेको छ र जेन–जी–दलबीच मुठभेडको स्थितिले चुनाव हुन्छ त ?**

यो चुनावको सुरक्षासँग जोडिएको प्रश्न हो । यसबारे प्रधानमन्त्रीसँग कुरा भएको छ । जेन-जी संगठित समूह होइन । सिद्धान्त, नेतृत्व र संगठन नभएका समूहको विद्रोह हो, त्यो कलर रिभोलुसन टाइपको हो ।

समयसमयमा टीओबीका मान्छेहरु सुशीला कार्कीको सरकारलाई नै बदलेर अर्को ल्याउने कुरा गरिरहेका छन्

अरू समुदायहरु छन् जो हाम्रो राष्ट्रियता कमजोर भयो र बाह्य शक्तिहरु हाबी भए भने फिजीजस्तो बनाउने, भुटानजस्तो बनाउने, सिक्किमजस्तो बनाउने खेल खेलिरहेका थिए । अहिले आएर नेपाललाई युक्रेनजस्तो बनाउने प्रयत्न भइरहेको छ

जेन-जी नवयुवाहरु यदि लोकतान्त्रिक समाजको अङ्ग बन्न चाहन्छन् भने संगठित हुनुपर्छ । आफ्नो विचार राख्ने क्रममा बिमति राख्ने मान्छेसँग झडप, मुडभेड हुने स्थिति बन्यो होला । त्यो ठीक होइन

अमुक दलसँग मुठभेड गरेर समस्या समाधान हुने होइन, यी मुद्दाहरुलाई सय जना होइन, लाख जनसमुदायको जुलुस उठाउनुहोस् । आफ्ना मागहरु अगाडि सार्नुहोस्, ताकि सरकारमा दबाब परोस्, उनीहरूले भ्रष्टाचारका फाइल खोल्ने र दोषीहरुमाथि कारबाही गर्ने काम गर्न सकुन्

जेन-जी नवयुवाहरू यदि लोकतान्त्रिक समाजको अङ्ग बन्न चाहन्छन् भने संगठित हुनुपर्छ । कुनै दलको विरोध गर्ने भए नीतिगत ढंगले विरोध गरेर जानुपऱ्यो । त्यो २४ गतेको जस्तो अराजक तौरतरिका सभ्य होइन । अब नवयुवा साथीहरूले संगठित हुँदै आफ्नो कुरालाई जनताको बिचमा लानुपऱ्यो । लडाइँ झगडा गर्ने होइन । आफ्नो विचार राख्ने क्रममा बिमति राख्ने मान्छेसँग झडप, मुडभेड हुने स्थिति बन्यो होला । त्यो ठीक होइन ।

**प्रधानमन्त्रीले निर्वाचनको सुरक्षा गर्न सरकार प्रतिबद्ध छ, निर्वाचनमा तपाईंहरू होमिनुहोस् भन्नुभएन ?**

अवश्य, उहाँले त मंसिरको १० गतेभित्र दल दर्ता गरिसक्नुहोस्, अब चुनावमा भाग नलिनु भनेको अराजक हुनु हो, गैरजिम्मेवार हुनु हो । त्यस्तो नहुनुहोस् । सबै दल चुनावमा जाऔं भन्ने कुरा गर्नुभयो । चुनावी सुरक्षासँग सम्बन्धित रहेर उहाँले हतियार फिर्ता हुँदैछन्, फरार भएकाहरू आउँदैछन्, शान्ति सुरक्षा कायम गर्छौं भन्नुभयो ।

बाराको सिमराको कुरा हाइलाइट गरेर उठान भएन । तर, सबैले राजनीतिक प्रचार गर्न पाउनुपर्छ, नवयुवा समूहहरूले आफ्नो विचार राख्नुपर्छ, जनताको बिचमा लानुपर्छ तर बाराको जस्तो घटना सिर्जना भयो भने त्यो त्यसले देशलाई फाइदा गर्छ न जेन-जीलाई । तरिका त्यो होइन ।

**जेन–जीहरूका माग सम्बोधन गर्नमा उदासनि देखिन्छ नि कार्की सरकार ?**

तपाईंले भनेको दिशामा जति बढ्नुपर्ने थियो, सरकार बढेको छैन । नवयुवा साथीहरूलाई पनि मेरो भनाइ के छ भने अमुक दलसँग मुठभेड गरेर समस्या समाधान हुने होइन, यी मुद्दाहरूलाई सय जना होइन, लाख जनसमुदायको जुलुस उठाउनुहोस् । आफ्ना मागहरू अगाडि सार्नुहोस् ताकि सरकारमा दबाब परोस्, उनीहरूले भ्रष्टाचारका फाइल खोल्ने र दोषीहरूमाथि कारबाही गर्ने काम गर्न सकुन् । अरु धेरै कुरा जुन गतिमा हुनुपर्ने, त्यो भएको छैन । बिल्कुलै नभएको होइन, तर खुदै यो सरकारका मन्त्रीहरू पनि यसअघि नै भ्रष्टाचारको काण्डमा मुछिएका छन् । त्यस्ता कुराहरू होइनन् भने होइनन् भन्नुपऱ्यो तथ्य र प्रमाणसहित । सरकारले क्लिनचिट दिनुपऱ्यो । गल्ती भएका हुन् भने सच्याउनुपऱ्यो । त्यसकारणले अब नवयुवाहरू र सबै देशभक्त मिलेर शोषण, भेदभाव, दण्डहिनतालाई विरोध गर्ने र संगठित भएर शान्तिपूर्वक आवाज उठाउनुपऱ्यो । यहाँको सिस्टम परिवर्तन गर्नेदेखि लिएर यी सबै कुराहरूलाई परिवर्तन गर्ने कुरामा आउँछ ।

**गणतान्त्रिक प्रणाली नै परिवर्तन गर्ने तपाईंहरू ?**

हो । ०४६ सालपछि दलको नेतृत्वमा सरकार सञ्चालन भयो । त्यहाँदेखि यता निरन्तर खोक्रो लोकतन्त्रको नाममा दलहरू सत्तामा पुग्ने, पुग्न सहयोग खोज्ने, टिकिरहन सहयोग खोजेका कारणले आफ्ना खुद्रा स्वार्थहरू विदेशीहरूले पूरा गरुन् भन्ने उद्देश्यसहित उनीहरूले राष्ट्रको हितमाथि सम्झौता गर्दै आए । निजीकरण वा उदारीकरणको नाममा केही रुग्ण उद्योगलाई मात्रै निजीकरण गर्ने भने पनि सबै सार्वजनिक क्षेत्रलाई उन्मुलन गर्ने, पैसाको भरमा थोरै घुस लिएर कौडीको मोलमा उद्योगधन्दालाई निजीकरण गर्ने काम भयो । एमसीसी पास गरियो । खोलानाला विदेशीको पाउमा चढाइयो । देशमा दुईवटा बजेट लागू गरियो । एउटा लन्चरको बजेट एउटा चाहिँ सिंहदरबारको बजेट । हाम्रो सबै डाटाहरू विदेशमा राख्नुपर्ने व्यवस्था गरे, राष्ट्रिय परिचयपत्र होस् इम्बोस्ड नम्बर । यी सारा कामहरूले गर्दा जनता आक्रोशित छन् ।

**उसो भए गणतन्त्रको सरकारभन्दा राजतन्त्रको सरकार राष्ट्रवादी थियो ?**

होइन, मैले भन्न खोजेको दलहरू सरकारमा आएपछि उनीहरूले राष्ट्रको हक अधिकार, राष्ट्रियता स्वतन्त्रता र सार्वभौमसत्तालाई कमजोर बनाए । गरिबी, महङ्गी, बेरोजगारी, दण्डहिनता, कुशासन र भ्रष्टाचारले देशको आन्तरिक जीवन कमजोर बनायो । खोक्रो बनायो । बाहृय शक्तिहरूले हामीलाई चलाएर हाम्रो आत्मनिर्णयको अधिकारलाई अपहरण गऱ्यो । यस्तो स्थितिबाट देश भुमरीमा परेको छ । यो भुमरीबाट देशलाई जोगाउनको निम्ति मार्क्सवादी समूहका देशभक्तहरू, प्रजातन्त्रवादी समाजवादी समूहका देशभक्तहरू, राजा, देउता, धर्मकर्म मानेर राजनीति गर्ने राष्ट्रवादी समूहका देशभक्तहरू, स्वतन्त्र देशभक्तहरू सबै मिलेर अघि बढ्नुपर्छ । यी पाँचै खाले देशभक्तहरूको प्रमुख मान्छे भनेको विस्थापित राजा हुन् । अब देशलाई बचाउन राजा चाहिन्छ । देशलाई आन्तरिक अद्योगति र बाह्य हस्तक्षेपको चङ्गुलबाट निकाल्ने काममा लाग्नुपऱ्यो ।

**तपाईंका समकालीन राजनीतिज्ञहरू प्रधानमन्त्री भइसके । कतै तपाईं यही गणतान्त्रिक व्यवस्थामा प्रधानमन्त्री नहुने भएपछि राजसंस्था फर्कियो भने प्रधानमन्त्री हुन पाइन्छ कि भनेर राजाभक्ति भएको होइन ?**

होइन । प्रश्न तपाईंले गर्नु स्वाभाविक छ तर मैले कुनै पद पाउनको निम्ति होइन । मैले प्रधानमन्त्री हुन खोजेको होइन । यो देशको खण्डित भएको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डतालाई खण्डित हुन नदिन, त्यसलाई जोगाउन र बलियो बनाएर देशलाई आत्मनिर्भर बनाउँदै सार्वभौम समानताको आधारमा सबै शक्ति राष्ट्रसँग सम्बन्ध बढाउँ भन्ने मान्यता बोकेर अहिले सबै देशभक्त शक्तिहरू एक ठाउँमा आउनुपर्छ, तबमात्रै हामीले देशलाई जोगाउन सक्छौं भन्ने ठाउँमा आएको हुँ । यो न मेरो राजभक्ति हो न मेरो प्रधानमन्त्री होऔं भन्ने हो । यी दुईवटै कुरा होइन ।

**तपाईंका अनुसार देशभक्ति दल नेकपा माले नेपाली राजनीतिक आकाशको मधुरो तारा भयो । धिपधिपे भयो । गोर्खा परिषद्, प्रजा परिषद्जस्तै हुन्छ क्या हो माले ?**

००७ सालदेखि नै देशको राजनीतिमा विदेशीको प्रभाव बढ्दै गयो । ००७ सालदेखि ०४६ साल हुँदै ०६३ सालमा भएका परिवर्तनहरूमा प्रजातन्त्र मात्रै आएन, ००७ सालमा त छिमेकी मुलुकको ठूलो हस्तक्षेप भयो, जसलाई अरुले रोक्न सकेनन्, राजा महेन्द्रले मात्रै रोके ।

त्यसकारण ००७ सालको परिवर्तनपछि महेन्द्रले ठूलो राष्ट्रवादी भूमिका खेल्नुभयो । पृथ्वीनारायण शाहपछि देशको स्वतन्त्रलाई जोगाउने कोही राजा महाराजा भए भने महेन्द्र नै हुन् । ०४६ सालमा विदेशीको सहयोगले परिवर्तन गरियो । विदेशले प्रजातन्त्र ल्याउन मद्दत गऱ्यो । उसैले हामीमाथि हस्तक्षेप गऱ्यो । त्यसलाई मेरो दल नेकपा माले थियो । त्यो ०४७ सालमा एमाले बन्यो । त्यसले विरोध गरेन ।

**भन्नुको तात्पर्य विदेशीले नेकपा मालेलाई कमजोर बनाए ?**

होइन । विदेशीमुखी सिद्धान्त बोक्ने, विदेशीलाई रिझाउने, विदेशीमैत्री राजनीति गर्ने र विदेशीको भक्तिभाव गर्ने कम्युनिस्ट पार्टीका मान्छेहरू जो एमालेमा हावी भए, उनीहरूले मलाई किनारा लगाए ।


**अब चुनाव भए तपाईंकै शब्दमा भन्दा देशभक्त शक्ति नेकपा मालेलाई जनताले शक्तिमा फर्काएर इतिहास हुनबाट जोगाउँछन् ?**

त्यो वातावरण बनिरहेको छ । अब त्यसमा हाम्रो मनोगत शक्ति र हाम्रो सांगठनिक शक्ति कति छ ? हामी कसरी जान सक्छौ भन्ने कुराले पनि प्रभाव पार्छ । तर, देशलाई जोगाउनको निम्ति सबै खाले देशभक्तहरू मार्क्सवादी- समाजवादी- प्रजातन्त्रवादी र राष्ट्रवादी राजासम्मकाको भूमिका रहन्छ भनेर आज जति मान्छेले बुझेका छन्, धेरैले बुझेका हुन् । कम्युनिस्टहरू पनि बुझेका छन् । अरुहरूले पनि बुझेका छन् । नागरिकले बुझेका छन् । दलहरूले गल्ती गरेर देशलाई भड्खालोमा हालेका छन्, त्यसमा पनि कम्युनिस्ट नाम दल हुन् । एमाले हो, माओवादी केन्द्र हो, नेकपा एस हो भन्ने कुरा जनताले खुट्याउन सकेका छन् ।

त्यसकारण, यो स्थितिमा हामीले ठिक ढंगले काम गर्न सक्यौं भने हामीले पूरै संसारै त जित्न नसकौंला तर उपलब्धि हात पार्छौं । अहिले सिपीले बोकेको राजनीतिको अर्थ के हो भन्ने कुरा मान्छेले बुझ्दै गएका छन् । हामी अब कसरी अगाडि बढ्ने हो ? चुनाव कसरी हुने हो ? विभिन्न चुनौती छन् । चुनाव अगाडि सुरक्षा चुनौती छन् । अब जेन-जी एउटा समस्या खडा हुन सक्छ । यस्तो अवस्थामा देशभक्तहरू भुमरीबाट देशलाई चाहिँ कसरी उद्धार गर्ने ? यसबारे छलफल हुन्छ । नेकपा माले एउटा देशभक्त कम्युनिस्ट पार्टी हो । हामी देशभक्त हौं । राष्ट्रवाद, बामपन्थ एउटा सिद्धान्त हो, जसमा केही गुण छन् केही अवगुण । हामी राष्ट्रवादीभन्दा पनि देशभक्त मार्क्सवादी हौं । यस्तोमा हामी आफ्नो प्रभावलाई जनतामा कति लान सकिन्छ ? प्रयत्नमा छौं । हामी अवश्य नै जनताबाट बढीभन्दा बढी समर्थन पाउन सक्छौं भन्ने मेरो विश्वास छ ।

# स्कुलले थर फेरिदिएपछि विजयलाई पढ्नै मन लागेन

■ मधु शाही



**काठमाडौं–** उमेरले १५ वर्ष लागे उनी । बालबालिकाको नैसर्गिक अधिकारले भन्छ, शिक्षा, स्वास्थ्य, खेलकुद र अभिभावकको माया ममतामा संरक्षण पाउनु मौलिक अधिकार हो ।

रोल्पाको त्रिवेणी गाउँपालिका-५ जुगारका विजय विकका लागि यी सबै बालअधिकार कथाजस्तैमात्र हो । उनी कक्षा ४ मा पढ्दापढ्दै विद्यालय जान सकेनन् । चौध वर्षसम्म उनले आफ्नो नामबाहेक अरु केही लेख्न जाँन्दैनथे । किताब पढ्न र अक्षर चिन्न सक्दैनथे ।

विजय छिमेकी र आफन्तीले रक्सी, चुरोट जे किन्न पठाए पनि जान्छन् र किनेर ल्याइदिन्छन् । रक्सी र चुरोट किन्दाकिन्दै उनले आफू कुलतमा फसेको बताउँछन् । 'छिमेकी तथा आफन्तले बाबु रक्सी, चुरोट किनेर ल्याइदेन भन्नुहुन्छ', विजय भन्छन्, 'किन्दाकिन्दै सुरुमा अलिअलि चाखेँ, अहिले खाने बानी भइसक्यो ।'

विजयको घर र बुबाको पहिचान छैन । उनी मामाघरमा हजुरआमासँग बस्दै आएका छन् । उनका आमा नौसरा विकका अनुसार विजयको जन्म डाँगी थरका एक जना युवासँग प्रेम सम्बन्धपछि विजयको जन्म भएको हो ।

'आफू गर्भवती भएको जानकारी केटाका पक्षलाई दिएर सन्तान स्वीकर गर्न अनुरोध गर्दा अस्वीकार गरेपछि घटना अदालती मुद्दामामिलासम्म पुगेको थियो,' नौसरा भन्छिन् । लगातार चार वर्ष मुद्दा लडेपछि जग्गाजमिन बेचेर घरबासमा मात्रै सीमित हुनुपरेको हजुरआमा (मामाघर) की गोमती विकले बताइन् । उनका अनुसार छोरीको विवाहभन्दा पनि गर्भमा रहेको सन्तानको अधिकारका लागि धेरै मुद्दा लड्दालड्दै सम्पत्ति सकिएको हो ।

'धान खेत सम्पत्ति मुद्दा लडेरै सकियो । अब त घरबास मात्रै छ । न छोरीले न्याय पाइ न नातीले बुबाको थर पायो', गोमतीले भनिन् । गाँउमा सबैलाई विजय कसको हो भन्ने थाहा छ भन्दै उनले समाज चुप भएर बसिदिएकाले छोरी र नातीले न्याय नपाएका गुनासो गरिन् । समाजको तिरस्कार र बुबाको नाम नखुलेको बालकलाई होच्याउने, हेप्ने व्यवहारका कारण विजयले वेवारीसेजस्तै जीवन बिताइरहेको गोमतीले बताउँछिन् । नौसरा भन्छिन्, 'छोराले पटकपटक मेरो बुबा को हो ? भनी सोध्दा जवाफ दिन नसक्ने हुन्छु । उसलाई सम्झाउन 'तेरो बुबा डाँगी थर' का हुन् भन्छु । सोही कारणले पनि विजयको थर डाँगी लेखेर स्कुलमा भर्ना गरेका थियौं ।'

गोमतीका अनुसार स्थानीय जनजागृती माविमा कक्षा ३ सम्म उनी 'विजय डाँगी' थरमा चिनिए । त्यतिबेला उनलाई थर लेखेकै भरमा स्कुलदेखि समाजका व्यक्तिले डाँगी किन लेखेको ? भन्दै होच्याउन थाले । डाँगी लेखेर मनोवैज्ञानिक रूपमा उनलाई डर र त्रास देखाउन थालेपछि विजयलाई जानकारी नगराई स्कुलले विक थर लेखिदियो । नातीले तीन कक्षासम्म मात्र पढेको बताउँदै उसले लेख्दै आएको डाँगी थर परिवर्तन भएर विक भएपछि स्कुल जान मानेनन् ।

'मैले स्कुलमा सरलाई लेखिआएको थर लेख्दिनु भनेँ तर, कसैले मान्नुभएन । अहिले नाती गाउँघरमा बरालिँदै समय बिताइरहेको छ । घरमा टोलाउँछ, कहिले रुन्छ र कराउँछ', गोमतीको दुखेसो छ । एकल महिला गोमतीले आफूले पाएको भत्ताबाट खर्चमा नातीको हेरचाह गर्छिन् । गाउँघरमा डाँगी थरको छोरो भएकाले ज्यान जोखिममा भएको उनको भनाइ छ । 'कसैले केही गरिदिने हुन की ? त्रासमै बित्छ दिन', उनले भनिन् ।

स्कुलमा थर परिवर्तन भएपछि विजय मनोवैज्ञानिक रूपमा विक्षिप्त भएको हजुरआमा गोमतीले बताइन् । 'थर फेरिएपछि स्कुल जानै मन लाग्दैन । सबैले तेरो बुबा छैन भन्दै होच्याउछन् । पढ्न मन लाग्दैन । कसैले चोर भन्दै गाली गर्छन्', विजयले भने, 'स्कुल नगए गाली सुन्नु पर्दैन त्यसैले जानै मन लाग्दैन ।'

उनलाई स्कुल पढ्ने मन छ । तर, घरको वातावरण नहुँदा अलपत्र परेका छन् । वडाबाट बनेको जन्मदर्तामा बुबाको नाम 'थाहा नभएको' उल्लेख छ भने आमाको थर (विक) बाट लेखिएको छ । विजयको पढाइलेखाइसँगै दैनिक खर्च जुटाउने स्थिति नभएपछि आमा नौसरा भारतमा मजदुरी गर्नुहुन्छ भने हजुरआमाले पाल्ने स्थिति नभएको बताइन् । आमा नौसरा र हजुरआमाले विजय डाँगी लेख्न अनुरोध गर्दा पनि वडाले स्वीकार नगरेको गोमतीको दाबी छ । वडा सचिव चन्द्रप्रसादको हस्ताक्षर रहेको विजयको जन्मदर्तामा बाबु थाहा नभएको लेखिएको छ । *रासस*

# जुम्लामा दुई मतदान केन्द्र थप गर्न सिफारिस

**जुम्ला–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले दुई वटा मतदान केन्द्र थप गर्न र एउटा केन्द्र स्थानान्तरण गर्न निर्वाचन आयोगमा सिफारिस गरेको छ ।

जिल्लाको हिमा गाउँपालिका-१ र पातारासी गाउँपालिका-७ मा एक/एक मतदान केन्द्र थप र तिला गाउँपालिका-९ मा एक मतदान केन्द्रको ठाउँ सार्न केन्द्रीय निर्वाचन आयोगमा सिफारिस गरिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त कार्यालय प्रमुख नारायणी आचार्यले जानकारी दिइन् ।

आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्न यही मंसिर ५ गतेसम्मको समयसीमा तोकेको छ । उनका अनुसार अहिले अनलाइनबाट आफ्नो मतदाता नामावली बनाउन सकिने व्यवस्था रहेकाले जिल्लामा करिब ८४९ जना नयाँ मतदाता थपिएका छन् । तीमध्ये ३७३ महिला र ४७६ पुरुष छन् । बाहिरी जिल्लाका ९७ जनाले जिल्लाबाट नयाँ मतदाता भरेका निमित्त कार्यालय प्रमुख आचार्यले उल्लेख गरे । जिल्लामा नयाँ मतदाता थपिनुअघि कूल ६७ हजार ७३६ मतदाता रहेका उनको भनाइ छ ।

निर्वाचन कार्यालयले गत असोजदेखि मतदाता नामावली सङ्कलन गर्दै आएको छ । मतदाता नामावली सङ्कलनको म्याद कात्तिक मसान्तसम्म रहे पनि निर्वाचन आयोगले नाम दर्ता तथा अद्यावधिक कार्यमा देखिएको उत्साहजनक सहभागितालाई मध्यनजर गरी म्याद बढाएर मंसिर ५ गतेसम्मका लागि थप गरेको छ ।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको जुम्लामा जिल्लाभरि ७९ मतदानस्थल र एक सय दुई मतदान केन्द्र रहेका निर्वाचन कार्यालय जुम्लाले जनाएको छ । यसैबीच, कार्यालयले यहाँस्थित मतदान केन्द्रको अवस्थाका बारेमा सर्वपक्षीय बैठक गरी मतदाता नामावली संकलन, मतदान केन्द्र, निर्वाचन प्रक्रियालगायत विषयमा छलफल अघि बढाएको छ । *रासस*


**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Achham**

**Invitation for Bids (IFB) No. (IFB):-2082/83-02**

**Date of publication: 2082/08/05 (21 Nov 2025)**

Infrastructure Development Office, Sanfebagar, Achham invites under electronic procurement method from eligible national bidders for the followings works. For more information: www.bolpatra.gov.np/egp. Contact No: 097-625214

| SN | Contract Identification No: | Description of Work | Estimated Amot (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Validity of Bid/Bid Security (Days) | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/ACHM/NCB/ W/R/2082/83-12 | New Cutting Of Gairilek Sirfali Sadak Chaurpati Achham | 21,16,262.15 | 65300 | 90/120 | 3,000 |
| 2 | IDO/ACHM/NCB/ W/R/2082/83-13 | Upgrading and Construction of Krithikam Lungra Chaurpati Sadak Achham | 2112744.46 | 65200 | 90/120 | 3,000 |
| 3 | IDO/ACHM/NCB/ W/R/2082/83-14 | Upgrading and Construction of Lungra Goyalpani Gahil Sadak Chaurpati 05, Achham | 2402733.00 | 74100 | 90/120 | 3,000 |
| 4 | IDO/ACHM/NCB/ W/R/2082/83-15 | Upgrading and Construction of Betalmandu Wada Swasthyachauki Sadak Sa Na Pa 10 Ghugurkot Achham | 2129554.33 | 66000 | 90/120 | 3,000 |
| 5 | IDO/ACHM/NCB/ W/R/2082/83-16 | Upgrading and Construction of Brahamdada Lesada Dahpata Tolena Sadak Sa Na Pa Achham | 2119419.64 | 65400 | 90/120 | 3,000 |
| 6 | IDO/ACHM/NCB/ W/R/2082/83-17 | New Cutting of Turmakhand Ga Pa Wada n 5 Nadako Tholu Debinadekhi Wada Karyalay Hudai Betan Hydropowersama Jane Sadak Nirman Achham | 21,09,688.95 | 65100 | 90/120 | 3,000 |
| 7 | IDO/ACHM/NCB/ W/R/2082/83-18 | New Cutting Of Babla Putru Dewal Bherasain Sadak, Achham | 21,20,798.41 | 65500 | 90/120 | 3,000 |
| 8 | IDO/ACHM/NCB/ W/R/2082/83-19 | Upgrading and Construction of Matena Jimradi Sadak Sa Na Pa 08 , Achham | 21,19,544.13 | 65400 | 90/120 | 3,000 |
| 9 | IDO/ACHM/NCB/ W/R/2082/83-20 | Upgrading and Construction of Dhungafalne Thandekhi Putra Jungleghat Sadak Nirman Yojana Turmaakhand 3 , Achham | 25,44,417.48 | 79000 | 90/120 | 3,000 |
| 10 | IDO/ACHM/NCB/ W/R/2082/83-21 | Upgrading and Construction of Belkhet Dhamali Punepata Dugachalna Dhancgaur Tatali Sadak Nirman Kamalbazar 3 Dhakari Ga Pa 6&7 Turmakhand Ga Pa 8 achham | 2167599.31 | 67000 | 90/120 | 3,000 |
| 11 | IDO/ACHM/NCB/ W/R/2082/83-22 | Upgrading and Construction of Kotghar Gaji Sadak Khanda Starunnati Bannigadhi Jaygadh -Ga.Pa Word Number -01,Garja,Achham. | 26,31,142.58 | 77,000 | 90/120 | 3,000 |
| 12 | IDO/ACHM/NCB/ W/R/2082/83-23 | Upgrading and Construction Baldekhola-Jhanta Sadak (Ch-0+000-8+700), Ramaroshan RM-4, Achham | 21,75,788.32 | 64,000 | 90/120 | 3,000 |
| 13 | IDO/ACHM/NCB/ W/R/2082/83-24 | Upgrading and Construction of Mujabagar Sutar Syaule Ramaroshan Sadak .(0+000 To 3+200). Ramaroshan Ga.Pa 07 Sutar,Achham. | 21,42,113.46 | 63,000 | 90/120 | 3,000 |
| 14 | IDO/ACHM/NCB/ W/R/2082/83-25 | Upgrading and Construction of Ramaroshan Ward Number 3 Dekhi 04 jodne Sara tipna Sadak Khanda Sadak Nirman,Ramaroshan Ga.Pa 03 to 04 Achham. | 25,77,610.21 | 76,000 | 90/120 | 3,000 |
| 15 | IDO/ACHM/NCB/ W/R/2082/83-26 | Upgrading and Construction of Khalbazar Zero point Dekhi Gere Khola Ward 4 Hudai Maitasena Chadenna Sadak Staronnati Ramaroshan -4 | 21,44,130.68 | 63,000 | 90/120 | 3,000 |
| 16 | IDO/ACHM/NCB/ W/R/2082/83-27 | Upgrading and Construction of Jaygadh - Nandegada Sadak Starunnati Bannigadhi Jaygadh -03,Achham. | 43,39,716.00 | 1,27,000 | 90/120 | 3,000 |
| 17 | IDO/ACHM/NCB/ W/R/2082/83-28 | Upgrading Of Galwaal Punnepataa Dhamaali Belkhet Sadak.Dhakaari-RM,Achham. | 21,71,124.28 | 65,000 | 90/120 | 3,000 |
| 18 | IDO/ACHM/NCB/ W/R/2082/83-29 | New Cutting of Bauli Ratuda Gopisera Sadaka. Badimalika Mun-08, Bajura. | 22,06,153.82 | 72,200 | 90/120 | 3,000 |
| 19 | IDO/ACHM/NCB/ W/R/2082/83-30 | Upgrading and Construction of Ghattekhola Dekhi Purvhuta Samma Sadaka Nirman,Marmat Ra Staronnati, Tribeni Mun.-03, Bajura. | 1,36,96,945.00 | 4,51,000 | 90/120 | 3,000 |
| 20 | IDO/ACHM/NCB/ W/R/2082/83-31 | New New Cutting of Tribeni Na.Pa. 9 Paima Rolaka Kholadekhi Badimalika Na.Pa.5 Mana Jodne Sadaka, Tribeni Mun.09, Bajura. | 22,19,278.50 | 75,200 | 90/120 | 3,000 |

**Senior Divisional Engineer**



## एक्मी बचत तथा ऋण सहकारी संस्था लि.

ग्रेस अपार्टमेन्ट नारायणचौर नक्साल, काठमाण्डौ, नेपाल
फोन नं. ४५४२६३५, ४५४०७७२, E-Mail: oprmgmt@yahoo.com

**सत्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रकाशित मिति २०८२/०८/०५ गते

यस एक्मी बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२ साल कार्तिक महिनाको १६ गते (2nd November, 2025) मा बसेको संचालक समितिको बैठकको निर्णायनुसार यस संस्थाको सत्रौ वार्षिक साधारण सभा संस्थाको कार्यालय, नारायणचौर नक्सालमा मिति २०८२ साल मंसिर महिनाको २६ गते शुक्रबार तदनुसार 12th Dec, 2025 दिनको १५:०० बजे निम्न विषय उपर छलफल हुने हुदाँ सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू:**

१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन ।
२. आ.व. २०८१/०८२ को लेखापरिक्षणको प्रतिवेदन ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारीश्रमिक सम्बन्धमा ।
४. संस्थाको तर्फबाट हालसम्मको प्रगति विवरण तथा अनुमानित बजेट सम्बन्धमा ।
५. संचालक समितिको छनौट सम्बन्धमा ।
६. निर्णय पुस्तिकामा शेयर सदस्यहरूबाट हस्ताक्षरको लागि आवश्यक प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
७. विविध ।



## VACANCY ANNOUNCEMENT

We are Seeking an experienced post holder to oversee in their respective role. The ideal candidate must have all the requirement met by AOCR, CAA NEPAL.

1. Operations Director -1
2. Safety Manager-1
3. Quality Manager-1
4. CA Manager-1
5. Chief Pilot -1
6. Chief of Training -1
7. Captain -1

Send your resume and cover letter to gaganchumbiair@gmail.com ( by 08th July 2025)

**Gaganchumbi Air Limited**
Sinamangal-09, Kathmandu
Contact :- 9841375485



## युएइमा रोजगार

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ | LT. No. 317675 | चलानी नं. ६०२३१९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1200 | ४६,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 100 | 30 | 800 | ३१,०१७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-4970500/4970600



## बहराइनमा रोजगार

कम्पनी : SAUDI CABLE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/०४ | LT. No. 315164 | चलानी नं. ६०२२९४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 75 | 0 | 100 | ३७,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE Govt. License 147/056/057
**ROSE OVERSEAS PVT. LTD.**
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np



## कतारमा रोजगार

कम्पनी : STELLAR BEAUTY SALON

पूर्व स्वीकृति मिति : | LT. No. 333899 | चलानी नं. ६०२४७५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 1200 | ४६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 3 | 1700 | ६६,०३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रातामाटा, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

**आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०८/०४**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०६/०७ गतेको प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरुको सार्बजनिक नियमावली २०६४ को नियम ६२ र नियम ६४ बमोजिम मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुका बोलपत्रहरु प्राविधिक र आर्थिक रुपमा प्रवाहग्राही देखिन आएकाले स्वीकृतिको लागि सिफारिस भएकोमा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकासित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम |
|---|---|---|---|
| 1. | LRM/W/NCB/ 05/2082/2083 | Upgrading of Gokule Lali Road | SK/DS/Gagan JV, Shailyashikhar-09 Darchula |

**प्रमूख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

शुक्रबार, ०५ मंसिर २०८२ (Friday, 21 November 2025)


## रूपशाला

### ओसाका जाँदै नेपथ्य

सात वर्षपछि टोकियो डोम सिटी हलमा नेपथ्य ब्यान्डले गरेको दोस्रो प्रस्तुति उत्साहपूर्ण रूपमा सम्पन्न भएको छ। मंगलबार जापानको प्रतिष्ठित यो हलमा नेपथ्यले प्रस्तुति दिँदा हल खचाखच भरिएको थियो। गायक अमृत गुरूङका लोकप्रिय गीतमा विभिन्न उमेर र पृष्ठभूमिका नेपालीहरू दर्शक खुलेर रमाएका थिए। टोकियो र नागोयामा प्रस्तुति सकाइसकेपछि अब ब्यान्ड ओसाकातर्फ जाँदैछ। आगामी नोभेम्बर २४ मा जेप ओसाका बे साइड' हलमा जापान यात्राको अन्तिम कन्सर्ट हुने आयोजकले जानकारी दिएका छन्।



# सौगातको नयाँ चलचित्र 'बब डाइ'को छायांकन सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'बब डाइ'को छायांकन सुरु भएको छ। रोटेपिङ इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्मस्को सहकार्यमा निर्माण हुने यो चलचित्रको चन्द्रागिरिबाट छायांकन सुरु भएको हो।

'बब डाइ'को ४५ दिनको छायांकन तालिका तोकिएको छ। यो अवधिमा काठमाडौँको कीर्तिपुर, चन्द्रागिरि आसपासमै छायांकन हुने निर्माण टिमले जनाएको छ।

चलचित्रलाई प्रविन श्रेष्ठले निर्देशन गरिरहेका छन्। यसअघि 'मोक्ष' चलचित्र निर्देशन गरेका प्रबिनले १२ वर्षपछि निर्देशनमा कमब्याक गर्दैछन्। निर्देशक श्रेष्ठका अनुसार 'बब डाइ'मा कीर्तिपुरकै कथा छ। चलचित्रको नामबारे निर्देशक श्रेष्ठ भन्छन्, 'खासमा बब डाइ भनेको बब दाइ हो। नेवारी ट्युनमा दाइलाई डाइ भनिने भएकाले नाममा त्यसरी राखेका हौं।' उनका अनुसार 'बब डाइ'को भूमिकामा सौगात मल्ल देखिनेछन्।

चलचित्रमा सौगात मल्लसँगै, सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, कुशल पोखरेल, यमन श्रेष्ठ, कृष्ण भक्त महर्जन, गीता अधिकारी, भिन्तुना जोशी, नितेश तन्दुकार, मनोज महर्जन र बाल कलाकार अग्रिम पण्डितको अभिनय रहनेछ।

फिल्मका राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता हुन् भने रविन्द्र प्रजापती कार्यकारी निर्माता हुन्। चलचित्रको प्रदर्शन मिति तोकिएको छैन।

# मङ्सिर २६ गतेबाट प्रदर्शनमा आउँदै 'लोकन्ती'

**काठमाडौं (प्रस)–** कृशन फिल्मसको ब्यानरमा निर्माण भएको नेपाली कथानक फिल्म 'लोकन्ती' यही मङ्सिर २६ गते शुक्रबारदेखि देशभरका सिनेमा हलमा एकसाथ प्रदर्शनमा आउने भएको छ। फिल्मको प्रदर्शन मितिसँगै फर्स्ट लुक पोस्टर सार्वजनिक गरिएको छ।

परिवार, प्रेम, संघर्ष, शान्ति र समाजका सूक्ष्म द्वन्द्वलाई कथाको केन्द्रमा राखेर तयार गरिएको फिल्मलाई निर्देशक रञ्जित रानाले पूर्ण पारिवारिक ड्रामाको रूपमा पेस गरेका छन्। फिल्ममा अभिनेता एसराज गराच मुख्य भूमिकामा देखिँदै छन्। काभ्रे जिल्लाका वास्तविक र प्राकृतिक लोकेसनमा छायांकन गरिएको लोकन्ती' ले पारिवारिक प्रेमकथाभित्र लुकेका सामाजिक संवेदनाहरू उजागर गर्ने




लक्ष्य लिएको छ।

फिल्मका निर्माता सन्तोष न्यौपाने हुन्। एसराजसँगै अभिनेत्री तथा मोडल ऋचा थापाको अनस्क्रिन केमिस्ट्री रहेको छ साथै, विमला लिम्बु,कुमार न्यौपाने र विकाश अधिकारी, दमन रूपाखेती, गोविन्द प्रभात लगायत कलाकारहरूको मुख्य भूमिका छ। यसै फिल्ममा मार्फत कुमार न्यौपाने र विकाश अधिकारीले अभिनय यात्राको सुरुवात गरिरहेका छन्।

संगीत निर्देशनमा विकास चौधरी, छायांकनमा रोनिश तामाङ च्याङ्बा रहेका छन्। नेपाली संस्कृतिमा आधारित भावनात्मक तथा सामाजिक कथानक बोकेको 'लोकन्ती' ले दर्शकलाई नयाँ स्वाद दिने अपेक्षा गरिएको छ।

# 'अभिमन्यु : च्याप्टर-१'को नयाँ गीत सार्वजनिक

**काठमाडौं (प्रस)–** चलचित्र 'अभिमन्यु : च्याप्टर-१'को नयाँ गीत 'मरौं ज्यानले' सार्वजनिक भएको छ। मंसिर १८ गते रिलिज हुने चलचित्रको नयाँ गीत निर्माणपक्षले बिहीबार सार्वजनिक गरेको हो।

सुशान्त गौतमको स्वर तथा संगीत रहेको गीतमा सुरेश बादलको शब्दरचना छ। प्रेममा छटपटिएको प्रेमीले प्रेमिकाको सम्झनामा जीवन समाप्त गर्न पनि नसकेको र चयनले बाँच्न पनि नसकेको थिममा गीत तयार भएको छ। सँगै जिउने कसम खाएको प्रेम बीचमै टुट्दाको छटपटी गीतमा छ। प्रेमिकाको कोमल हृदयको तारिफ गर्दै सँगै बिताएका पल समेटिएको गीतले अव्यक्त प्रेममा रहँदाको प्रसंग पनि समेटेको छ।

गीतको भिडियोमा चलचित्रका मुख्य दुई पात्र कामेश्वर चौरसिया र लक्ष्मी बर्देवा छन्। चलचित्रका फुटेज समावेश गरिएको भिडियोमा तराई-मधेश देख्न सकिन्छ।

'अभिमन्यु : च्याप्टर-१'मा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल र शिशिर वाङ्देल मुख्य भूमिकामा छन्। सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु : च्याप्टर १'को क्रिएटिभ निर्देशक मदन थापा छन्। यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ।

'अभिमन्यु : च्याप्टर १'का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्। रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन्। यो सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेका छन्।



**एनपिएल-२०२५**

# लुम्बिनी लायन्सको शानदार सुरुवात

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत संस्करणमा खराब सुरुवात गरेको लुम्बिनी लायन्सले यसपटकको नेपाल प्रिमियर लिग (एनपीएल)मा शानदार सुरुआत गरेको छ। बिहीबार सम्पन्न खेलमा लुम्बिनीले चितवन राइनोज्विरुद्ध ६ विकेटको जित निकाल्दै शानदार सुरुवात गरेको हो।

प्रतियोगितामा दोस्रो खेल खेलेको चितवनले पहिलो खेलमा कर्णाली याक्सलाई ४ विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको थियो। चितवन राइनोजले दिएको १४३ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १८.३ ओभरमा ४ गुमाएर १४६ रन बनायो। लुम्बिनीको जितमा अलराउन्डर गुल्बादिन नैबले शानदार पारी खेले। २४ बल खेलेका उनले अविजित रहँदै ३ चौका र ३ छक्कासहित ४४ रनको योगदान दिए।

कप्तान रोहितकुमार पौडेलले ४४ बलमा १ चौकासहित ३९ रन थपिदिए। यी दुईबीचको ६० रनको साझेदारीसँगै लुम्बिनीले




जितको आधार खडा गरेको थियो।

ओपनर सन्दीप जोरा २८, डी'आर्च सर्ट ११ र दीलिप नाथ १० रनमा आउट हुँदा जजे स्मिथ ४ रनमा अविजित रहे।

चितवनका रिजन ढकालले सर्वाधिक २ विकेट लिए। ३ ओभर बलिङ गरेका उनले १७ रन खर्चिए। सोहेल तान्विरको नाममा १ विकेट रह्यो। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको चितवनले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १४२ रनको योगफल खडा गरेको थियो।

चितवनका रवी बोपाराले सर्वाधिक ६६ रन बनाए। उनले ५५ बलमा ४ चौका र ३ छक्का प्रहार गरे। कप्तान कुशल मल्लले १८ बलमा १ छक्कासहित २१ रन बनाए।

सैफ जैब १५, देव खलान १४ र दीपक बोहरा १० रनमा पेभिलियन फर्किए। लुम्बिनीका रुबेन ट्रम्पलमनले सर्वाधिक ३ विकेट अविनाश गौतम र नैब समान २ विकेट खातामा राख्न सफल भए।

एनपिएलको (आज) शुक्रबार पनि एक खेल हुँदैछ। साँझ ४ बजे सुरु हुने खेलमा पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्स भिड्ने भएका छन्। पोखरा पहिलो खेलमा विराटनगरसँग पराजित भएको छ भने सुदूरपश्चिम पहिलो खेलमा काठमाडौंविरुद्ध विजयी भएको छ।

# रग्बी टोली बंगलादेश प्रस्थान

**काठमाडौं (प्रस)–** बंगलादेश इन्टरनेसनल रग्बी सिरिजमा सहभागी हुन २६ खेलाडीसहित ३० सदस्यीय नेपाली टोली बिहीबार बंगलादेशको ढाका प्रस्थान गरेको छ।

ढाका प्रस्थान गर्ने खेलाडीहरूमा श्रीराम श्रेष्ठ, विराट श्रेष्ठ, विवेश वासु, विक्रम पुरी, नवीन महर्जन, कपिल सापकोटा, सरोज कपाली, रोहन डंगोल, सन्दीप राई, गणेश बानियाँ, रोशन बम्जन, नवीनबहादुर मगर, प्रमेश चौधरी, सुरज रानामगर, पुजन फेवाली, मिलन थापा, शेरबहादुर वली, सञ्जय अधिकारी, मोहम्मद इसाद हुसैन, अनिल माझी, अनिश श्रेष्ठ, विष्णु खड्का, रमितबहादुर माल, निरोज कार्की, दिपेन्द्र चौधरी र मशेस सुनार रहेका छन्।

नेपालले यही मङ्सिर ७ गते र मङ्सिर ८ गते खेल खेल्नेछ। नेपाली टोलीको प्रशिक्षकमा कृष्ण थापा र विनोद तामाङ तथा व्यवस्थापकमा गोपाल क्षेत्री र फिजियोमा देवन थापा छन्।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका सदस्यत्रय प्रकाशकुमार कुसारी, अञ्जना श्रेष्ठ र हिमालकुमार श्रेष्ठ, नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटा, महासचिव गोविन्द घिमिरेलगायतले बिहीबार यहाँ आयोजित एक कार्यक्रमबीच बिदाइ गरे।

यो प्रतियोगिता गत भदौ २९ देखि ३१ गतेसम्म नेपालमा हुने तय भएको थियो। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण उक्त प्रतियोगिता स्थगित भएको थियो।


**साउदीमा रोजगार** कम्पनी : CARING PHARMACY RETAIL MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/08/१8 पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/08 LT. No. 328097 चलानी नं. ६०२४१९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 3 | 0 | 1700 | ५८,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**युएइमा रोजगार** कम्पनी : CAPITAL CATERING AND SERVICES - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/२० LT. No. 324965 चलानी नं. ६०२३९७२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Catering Asst. | 40 | 0 | 1092 | ४२,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Cleaner General | 30 | 15 | 930 | ३५,९३७ | | | | | | | |
| 3 | COMMI COOK | 5 | 0 | 1800 | ६९,५५५ | | | | | | | |
| 4 | Commis III/ Assistant Cook | 10 | 0 | 1200 | ४६,३७० | | | | | | | |
| 5 | COOK | 10 | 0 | 1400 | ५४,०९८ | | | | | | | |
| 6 | Pastry Cook | 5 | 0 | 2000 | ७७,२८३ | | | | | | | |
| 7 | Salad Maker | 5 | 0 | 1800 | ६९,५५५ | | | | | | | |
| 8 | Sandwich Maker | 5 | 0 | 1800 | ६९,५५५ | | | | | | | |
| 9 | Steward | 25 | 10 | 930 | ३५,९३७ | | | | | | | |
| 10 | Store Assistant | 5 | 0 | 1092 | ४२,१९७ | | | | | | | |
| 11 | Waiter/Waitress | 20 | 5 | 1200 | ४६,३७० | | | | | | | |

कम्पनी : Al Rowad Aluminum and Glass works LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/05 LT. No. 327088 चलानी नं. ६०२४१२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | Finishing Carpenter | 4 | 0 | 1500 | ५७,९६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 3 | Glass Modular | 2 | 0 | 1300 | ५०,२३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १२ गते (28th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No 1728/081/82

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com



**Government of Sudurpaschim Province**
**Ministry of Land Management, Agriculture and Cooperatives**
**Directorate of Livestock and Fisheries Development**
**Livestock Services Training Center**
**Dhangadhi, Kailali**

## Invitation For Bids

**Date of Publication: 21th Nov 2025 (2082/08/05 B.S.)**
**Last Date of Submission: 12:00 PM; 21th Dec 2025 (2082/09/06)**

1. **Livestock Services Training Center, Dhangadhi, Kailali** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost including VAT & PS (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LSTC/NCB/ WORKS/ 2082/083-01 | Construction of First Floor of Quarter Building for Livestock Services Training Center, Dhangadhi Kailali | 44,05,158. | 1,00,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Livestock Services Training Center, Dhangadhi, Kailali** Email: rltcdhangadhi@gmail.com, Phone no. 091521939/9858486866 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

# ७४ वर्षे नितिश कुमार दशौं पटक बने बिहारको मुख्यमन्त्री



**पटना–** जनता दल (युनाइटेड) का प्रमुख नितिश कुमारले बिहीबार प्रधानमन्त्री नरेन्द्र मोदी तथा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) का वरिष्ठ नेताहरूको उपस्थितिमा इतिहास रच्दै दशौं पटक बिहारको मुख्यमन्त्रीका रूपमा शपथ लिएका छन् ।

सन् २०२० मा प्रधानमन्त्रीले शपथ समारोहमा भाग लिन नसके पनि यसपटक मोदीको विशेष उपस्थितिले कार्यक्रमलाई अझ अर्थपूर्ण बनाएको थियो । शपथ ग्रहण पटनाको ऐतिहासिक गान्धी मैदानमा सम्पन्न भएको हो । यहाँ नितिश कुमारले सन् २००५, २०१० र २०१५ मा पनि सरकार गठनको घोषणा गरेका थिए । यही स्थान सन् १९७४ मा जयप्रकाश नारायणले 'पूर्ण क्रान्ति' को आह्वान गरेको ऐतिहासिक पृष्ठभूमिका कारणले पनि प्रख्यात मानिन्छ ।

कार्यक्रममा एनडिए नेतृत्व गरेका विभिन्न राज्यका मुख्यमन्त्रीको उल्लेख्य उपस्थिति थियो । हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनी, असमका हिमन्त बिस्वा सरमा, नागाल्यान्डका नेफियू रियो, आन्ध्रप्रदेशका एन. चन्द्रबाबु नायडू, उत्तर प्रदेशका योगी आदित्यनाथ र उत्तराखण्डका पुष्कर सिंह धामीलगायत प्रतिष्ठित व्यक्तिहरू सहभागी थिए ।

बिहारका राज्यपाल आरिफ मोहम्मद खान, एलजेपी (राम विलास) का नेता चिराग पासवानलगायतका प्रमुख व्यक्तित्वहरू पनि समारोहमा उपस्थित थिए । बुधबार पटनास्थित आधिकारिक निवासमा आयोजित नयाँ विधायकहरूको बैठकमा जेडीयू विधायक दलले सर्वसम्मतिले नितिश कुमारलाई पहिलो पटक आफ्नो दलको नेताका रूपमा चुनेका थिए । यसपछि एनडिए विधायक दलले पनि आज उहाँलाई सर्वसम्मतिले नेता चयन गर्दै नयाँ सरकार गठनको बाटो खुला गरेको हो ।

भारतीय जनता पार्टी (भाजपा) को प्रदेश मुख्यालयमा बसेको बैठकमा सम्राट चौधरी र विजयकुमार सिन्हालाई क्रमशः भाजपाको विधायक दलको नेता तथा उपनेता चयन गरिएको थियो । बिहारमा विधायक दलको नेतृत्व चयनका लागि केन्द्रीय पर्यवेक्षकका रूपमा आएका उत्तर प्रदेशका उप-मुख्यमन्त्री केशवप्रसाद मौर्यले दुवै नाम प्रस्ताव गर्नुभएको थियो, जसलाई बाँकी सांसद तथा विधायकहरूले समर्थन जनाएका थिए ।

सन् २०२५ को बिहार विधानसभा चुनाव नितिश कुमारका लागि 'लिटमस टेस्ट' मानिएको थियो । विगत दुई दशकदेखि उनले राज्यको राजनीतिलाई आफ्नो नेतृत्वमा स्थिरता र निरन्तरतासहित अघि बढाउँदै आएको तथ्यलाई मतदाताले फेरि पुष्टि गरेका छन् । ७४ वर्षीय नितिश कुमार २०१४-१५ बीच नौ महिनाको छोटो अवकाश बाहेक सन् २००५ नोभेम्बरदेखि लगातार मुख्यमन्त्री पदमा रहँदै आएका छन् ।

यसपटक एनडिएले २४३ मध्ये २०२ सिट जित्दै ऐतिहासिक बहुमत हात पार्‍यो । महागठबन्धन भने ३५ सिटमा सीमित रह्‍यो । तीन चौथाइ बहुमतसहित एनडिएले राज्यमा विगत १५ वर्षपछि दोहोरो इतिहास बनाएर २०० भन्दा बढी सिट जित्ने उपलब्धि पुनःदोहोर्‍याएको छ । सन् २०१० मा पनि गठबन्धनले २०६ सिट जितेको थियो ।

एनडिएभित्र भाजपाले ८९, जनता दल (युनाइटेड) ले ८५, लोक जनशक्ति पार्टी (राम विलास) ले १९, हिन्दुस्तानी अवाम मोर्चा (सेक्युलर) ले पाँच र राष्ट्रिय लोक मोर्चाले चार सिट जितेका छन् । विपक्षमा आरजेडीले २५, कंग्रेसले छ, सीपीआई (एमएल) (लिबरेसन) ले दुई, भारतीय समावेशी पार्टीले एक र सीपीआई (एम) ले एक सिट ल्याएका छन् । एआइएमआइएमले पाँच तथा बहुजन समाज पार्टीले एक सिट हासिल गरेका छन् । *रासस/एएनआई*

# निर्वाचन नजिकिएसँगै बंगलादेशले फेर्‍यो प्रहरीको बर्दी



**ढाका–** सामूहिक विद्रोहपछिको पहिलो राष्ट्रिय चुनाव केही हप्तामै नजिकिँदै गर्दा बंगलादेश प्रहरीले गहिरो रूपमा क्षतिग्रस्त भइसकेको जनविश्वास पुनर्निर्माण गर्ने आशामा नयाँ बर्दी अनावरण गर्दै सुधारको संकेत दिएको छ ।

सन् २०२४ मा पूर्व प्रधानमन्त्री शेख हसिनाको निरंकुश सरकार पतन भएपछि उत्पन्न उथलपुथलमा कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको थियो भने हजारौँ घाइते भएका थिए । 'बंगलादेश प्रहरीले अभूतपूर्व संकटको सामना गरिरहेको छ', प्रहरी प्रवक्ता सहादत हुसेनले भने, 'नयाँ बर्दीले केही सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने नीति निर्माताहरूले सुझाव दिनुभयो ।' लामो समयदेखि फिरोजा र निलो रङमा परिचित बर्दी अहिले फलामे-खैरो सर्ट र चकलेटी-खैरो ट्राउजरमा रूपान्तरित गरिएको छ ।

यद्यपि बिग्रिएको प्रतिष्ठालाई बर्दीलेमात्र सुधार्न सकिन्छ कि सकिँदैन भन्नेबारे धेरैमा गहिरो शंका रहिरहेकै छ । ४८ वर्षीया नजमा अख्तर भन्छिन्, 'जब म कुनै प्रहरी देख्छु, मलाई उनको मासु काटिदिउँजस्तो लाग्छ । मलाई थाहा छैन, यो घृणाबाट म कहिले मुक्त हुन्छु ।'

नजमाले विद्रोहको क्रममा १७ वर्षीय छोरा गुलाम नाफिज ज्यान गुमाएका थिए । उनको छोरालाई गोली हानिएलगत्तै अस्पताल प्रवेश गर्न रोक लगाइएको थियो र अन्ततः सन् २०२४ अगस्ट ४ मा अत्यधिक रक्तस्रावका कारण उनको मृत्यु भयो । 'नयाँ बर्दीले तिनीहरूको मनोवृत्ति कसरी परिवर्तन गर्छ ?' नजमा भन्छन्, 'मैले प्रहरी अधिकारीहरूले तलब वृद्धिको माग गर्ने शिक्षकहरूलाई समेत कुटेको देखेँ ।'

सत्र करोड जनसंख्या भएको बंगलादेशमा सन् २०२६ फेब्रुअरीमा चुनाव हुने अपेक्षा गरिएको छ । यस्तो अवस्थामा सुरक्षा निकाय शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न अत्यन्त महत्त्वपूर्ण साबित हुनेछन् । तर देशको सुरक्षा संयन्त्र अझै स्थिर हुन नसकेको देखिन्छ ।

यसैबीच पूर्वप्रधानमन्त्री शेख हसिनालाई प्रदर्शनकारीहरूमाथि घातक बल प्रयोग गर्न सुरक्षा निकायलाई निर्देशन दिएको आरोपमा सोमबार ढाकास्थित अदालतले मृत्युदण्डको सजाय सुनाएको छ । हसिनाले सेनालाई विरोध दबाउन आदेश दिएको भए पनि सेनाले अस्वीकार गरेपछि सत्तामा बसिरहने उनको प्रयास विफल भएको थियो । उनको सत्ता पतन भएपछि फैलिएको अराजकतामा तोडफोड र आगजनीका घटनाले करिब ६०० मध्ये ४५० प्रहरी चौकी लक्षित गरिएको सरकारी अधिकारीहरूले बताएका छन् ।

'अघिल्लो सरकारले सत्ता छोडेपछि प्रहरीले चौकीहरू छाडे र अहिले प्रहरी बल फेरि उभिन संघर्ष गरिरहेको छ', प्रवक्ता होसेनले भने । विभिन्न अनुसन्धानकर्ताहरूले विद्रोहका दिनमा प्रहरीद्वारा गरिएका व्यापक क्रूरताका प्रमाणहरू संकलन गरेका छन् । करिब एक हजार ५०० प्रहरी अधिकारी अहिले आपराधिक अभियोगको सामना गरिरहेका छन् । तीमध्ये धेरैमाथि हत्या अभियोग छ र दर्जनौं अधिकारी हिरासतमा छन् । हसिनाकै मुद्दासँग मिल्दोजुल्दो आरोपमा दोषी ठहरिएका पूर्व प्रहरी प्रमुखलाई पाँच वर्षको कैद सजाय सुनाइएको छ । साथै हत्या अभियोगमा खोजी भइरहेका करिब ५५ वरिष्ठ अधिकारी भारत भागेको प्रहरी स्रोतले जानकारी दिएको छ । *रासस/एएफपी*

## कामचलाउ सरकार प्रणाली पुर्नस्थापित

**ढाका–** बंगलादेशको सर्वोच्च अदालतले राष्ट्रिय निर्वाचनमा निष्पक्षता र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले कामचलाउ सरकार प्रणाली पुनःस्थापित गर्ने महत्त्वपूर्ण निर्णय सुनाएको छ । तथापि, अदालतले यो व्यवस्था आगामी वर्षको सुरुमा हुन लागेको निर्वाचनमा भने लागू नहुने स्पष्ट गरेको छ ।

कामचलाउ प्रणाली सन् १९९६ मा प्रारम्भ भएको हो र बंगलादेशी नागरिक तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले १७ करोड जनसङ्ख्या भएको यस देशको संसदीय लोकतन्त्रमा निष्पक्ष निर्वाचनतर्फको सशक्त कदमका रूपमा यसलाई हृदयदेखि स्वीकार गरेका थिए । त्यसपछिका दुई निर्वाचनमा सेवानिवृत्त दुई मुख्य न्यायाधीशको नेतृत्वमा बनेका कामचलाउ सरकारले ९० दिनभित्र चुनाव सम्पन्न गराई विजयी दललाई सत्ता हस्तान्तरण गरेको थियो । सन् २००८ को निर्वाचन समेत केन्द्रीय बैंकका पूर्व गभर्नरको नेतृत्वमा निष्पक्ष रूपमा सम्पन्न भएको थियो । तर राजनीतिक असहमतिका कारण सन् २०११ मा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको कार्यकालमा अदालतको सुझावमा यही प्रणाली खारेज गरियो । *रासस/एपी*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६४।०२।०२मा दर्ता भएको **प्रा.लि. नं. ४५८७९** को **श्री पवित्र इन्टरप्राईजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०७।१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७५।१०।१३ मा दर्ता भएको **प्रा.लि. नं. २०७४४३** को **ड्रिमस्टेट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०७।१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६४।०२।१० मा दर्ता भएको **प्रा.लि. नं. ४६०२३** को **सगुन क्राफ्टस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०७।२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७५।०२।११ मा दर्ता भएको **प्रा.लि. नं. १९०१४४** को **कालिञ्चोक दुवानी सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०७।२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६८।०८।२२ मा दर्ता भएको **प्रा.लि. नं. ८८५६०** को **वाई. एन. एशोसियट्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७५।११।१३ मा दर्ता भएको **प्रा.लि. नं. २०९४९६** को **एक्सिलेन्ट जनशक्ति सप्लाई सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०७।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६६।१०।०८ मा दर्ता भएको **प्रा.लि. नं. ६९९२१** को **रञ्जीत ट्रेड कन्सर्न प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५।१०।२९ मा दर्ता भएको **प्रा.लि. नं. ६०३७८** को **श्रीकृष्ण एस.पी. इम्पोर्ट एण्ड एक्सपोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०३।१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**
**बोलपत्र आह्वानको सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०५**
यस अस्पताललाई आवश्यक तपशील वमोजिमका विद्युतीय बोलपत्र आह्वान गरिएकोछ। बोलपत्र सम्बन्धी विस्तृत विवरण सार्वजनिक खरिद अनुगमनको कार्यालयकोwebsite:f\ www.bolpatra.gov.np/egp बाट जानकारी लिन सकिनेछ।
**तपशिल:**

| बोलपत्र | बोलपत्र को नाम | बोलपत्र जमानत रु. | बोलपत्र शुल्क | बोलपत्र को प्रकार |
|---|---|---|---|---|
| KH/NCB/M-06/2082-83 | Supply and Delivery of Oncology Medicine for Hospital Pharmacy | 320000 | 3000 | Item Wise |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**

**तु-आवश्यकता**
यस प्रतिष्ठित कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।
1. Receptionist -1 (F)
2. Documentation -3 (F)
3. Accountant -1 (F) Must have knowledge of using excel sheet

नोटः SLC / + 2 Passed, Excel, Word, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनु पर्नेछ ।
कार्यक्षेत्र : काठमाडौँस्थित कलंकी ।
तलवः आपसी समझदारीमा
Call us at : 9802399406
+977 01 5219205, 5219584
Drop your CV at: info@ngoverseas.com.np

**बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.को**
**१७ औं बार्षिक साधारण सभा सम्बन्धि सूचना**
**(प्रकाशन मितिः २०८२/०८/०५)**
यस बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/०८/०४ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको १७ औं बार्षिक साधारण सभा निम्न मिति स्थान र समयमा देहायका बिषयहरूमा छलफल हुने गरि बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।
**साधारण सभा बस्ने मिति, स्थान र समयः**
**सभा हुने मितिः** २०८२/०९/५ गते शनिबार (Dec 20, 2025)
**सभा हुने स्थानः** का.म.न.पा. ७ चाबहिल, जुम क्याफेको सभाहल
**सभा सुरु हुने समयः** बिहान ११ बजे
**साधारण सभामा छलफल हुने बिषयहरूः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुनेआर्थिक बर्ष ०८१/८२ को बार्षिक प्रतिबेदन तथा आगामी आ.व. ०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम, लक्ष्य र बजेट तर्जुमा सम्बन्धमा ।
२. आ.व. ०८१/८२ को लेखा परिक्षण प्रतिबेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
३. लेखा समितिको प्रतिबेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
४. आ.व. ०८२/८३ को लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. आ.व. ०८१/८२ मा संचालक समिति, लेखा समिति र उपसमितिहरूबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
६. १७ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिका माईन्युट बुक प्रमाणित गर्नको लागि सदस्यहरूबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. बिबिध ।
**संचालक समितिको आज्ञाले, सचिव**

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**
यस Fine Job Recruitment Pvt. Ltd. (ई.प.नं.११८०/०७३/०७४) मा कार्यरत तपसिलमा रहेको कर्मचारीहरूलाई यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।
**तपसिल**

| S.N. | Name | Citizen No. | District | Post |
|---|---|---|---|---|
| 1. | Nabin Oli | 651002+507 | Bardiya | PRO |
| 2. | Purna Bahadur Oli | 8715 | Bardiya | PRO |
| 3. | Ishwor Karakheti | 44-01-72-05436 | Gorkha | PRO |
| 4. | Rajesh Tharu | 02-00-77-00067 | Nawalparasi | PRO |
| 5. | Pradip Dahal | 36-02-74-00225 | Panchthar | PRO |

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

**२५ औं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**
यस सहकारी संस्था लि.को मिति २०८२ मंसिर ४ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २५ औं बार्षिक साधारण सभा मिति २०८२ साल पौष ०५ गते शनिबार, दिनको १२:३० बजे भिभा कन्भेन्सन एण्ड इभेन्ट, टेकु बुधबारी मा बस्ने भएको हुनाले सम्पुर्ण शेयरधनी सदस्य महानुभावहरुको उपस्थितीको लागी यसै सूचनाद्वारा हार्दिक अनुरोध गरिन्छ । साथै साधारण सभा सम्बन्धी बिस्तृत विवरण संस्थाको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ ।
**जनउद्धार सहकारी संस्था लि. बसन्तपुर, झोछें, काठमाडौं (फोनः ५३५२०६४, ५३२७६९९)**

**शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि.**
**का.म.न.पा-१४, कुलेश्वर, काठमाडौं**
**फोन नं.: ०१-५३०१७०८/ ५३७१०३७**
**कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०५**
तपशिलमा उल्लेखित तपाई ऋणीहरूले विभिन्न शिर्षक अन्तर्गत यस संस्थाबाट कर्जा लिई कर्जा लिंदा गरेको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर आदि नबुझाई बाँकी बक्यौता राखेको कारण तपाई ऋणी तथा जमानीकर्तालाई मौखिक तथा लिखित रूपमा ताकेता गरी बाँकी बक्यौता बुझाउन आउनु होस् भनि अनुरोध गर्दा पनि बेवास्ता गरी बसेकोले कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई यस संस्थाबाट लिएको कर्जाको साँवा व्याज हर्जाना तथा विलम्ब, बाँकि बक्यौता बुझाउन आउनु वा सो बुझाई सकेको भए सोको प्रमाण पेश गर्न आउनु होला । नआएमा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुल उपर गरी पाउ भनि उजुरी गरी तपाई वा तपाईको घरका अंशियारको नाउँमा रहेको चल अचल सम्पत्ति रोक्का राखि असुल उपर गरिने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।
**तपसिल**

| क्र.स. | ऋणीको विवरण | फोटो | जमानीकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| १ | **नाम : सन्तोष विष्ट**<br>स्थायी ठेगानाः कुमारी क्लव १४, बल्खु, काठमाडौं<br>अस्थायी ठेगानाः कुमारी क्लव १४, बल्खु, काठमाडौं<br>पिताको नामः शियाराम विष्ट<br>बाजेको नामः सूर्य बहादुर विष्ट |  | **नाम : सृजना डंगोल**<br>स्थायी ठेगानाः कुमारी क्लव १४, बल्खु, काठमाडौं<br>अस्थायी ठेगानाः कुमारी क्लव १४, बल्खु, काठमाडौं<br>पिताको नामः केदार मान डंगोल<br>बाजेको नामः साइलामा डंगोल |  |
| २ | **नाम : उपेन्द्र हुमागाई**<br>स्थायी ठेगानाः डराउने पोखरी ०८, काभ्रेपलाञ्चोक<br>अस्थायी ठेगानाः बसुन्धारा ०३, काठमाडौं<br>पिताको नामः राम प्रसाद हुमागाई<br>बाजेको नामः मेघनाथ हुमागाई |  | **नाम : जयराम सिग्देल**<br>स्थायी ठेगानाः डराउने पोखरी ०८, काभ्रेपलाञ्चोक<br>अस्थायी ठेगानाः का.म.न.पा ०५<br>पिताको नामः सम्भुनाथ सिग्देल<br>बाजेको नामः मोधनाथ सिग्देल | |
| ८ | **नाम : कृष्ण न्यौपाने**<br>स्थायी ठेगानाः लेखनाथ ८, कास्की<br>अस्थायी ठेगानाः टोखा २, काठमाडौं<br>पिताको नामः डिल्ली राम न्यौपाने<br>बाजेको नामः गणपती न्यौपाने |  | १. **नाम : कमला भट्टराई**<br>स्थायी ठेगानाः मकवानपुर १७, हेटौडा<br>अस्थायी ठेगानाः टोखा २, काठमाडौं<br>पिताको नामः भवनाथ भट्टराई<br>बाजेको नामः तखनाथ भट्टराई |  |
| | | | २. **नाम : शुसिल सिग्देल**<br>स्थायी ठेगानाः मेथिनकोट ११, काभ्रेपलाञ्चोक<br>अस्थायी ठेगानाः का.म.न.पा १४<br>पिताको नामः छविरमण सिग्देल<br>बाजेको नामः मोधनाथ सिग्देल |  |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २४३००० | प्रति तोला – ० | प्रति तोला – ३१८५ |



कृषिमा यान्त्रिकीकरण | सुनसरीको इनरुवा नगरपालिका–२ मा ठुलो हार्भेस्टर मेसिनबाट धान काट्दै किसान । कृषिमा यान्त्रिकीकरणले किसानको श्रम, समय तथा लगानीको बचत गराएको छ । *तस्बिर : नवीन गड्तौला/रासस*

टेलिकम बिलिङ प्रणाली खरिद प्रकरण

# छानबिन समितिको प्रतिवेदन सञ्चारमन्त्री खरेललाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरणका सम्बन्धमा गठित छानबिन समितिले प्रतिवेदन बुझाएको छ । छानबिन समितिका संयोजक पूर्वसचिव मणिराम गेलालले बिहीबार सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई उक्त प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।

प्रतिवेदन बुझ्दै मन्त्री खरेलले मन्त्रालयको आन्तरिक प्रयोजनका लागि समिति गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनका आधारमा नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रिया अवरुद्ध नहुने स्पष्ट पारे ।

'नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा प्रतिवेदन आफैले अवरोध गर्दैन, नेपाल टेलिकम कानूनको परिधिभित्र रहेर निर्णय गर्नका लागि स्वतन्त्र छ', उनले भने । मन्त्री खरेलले बिलिङ खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत चासो राख्दै पत्र प्राप्त भएकाले सन्दर्भ सामग्रीका रूपमा अध्ययन प्रतिवेदन



तयार पारिएको बताए । आफूले भर्खरै प्रतिवेदन प्राप्त गरेको र अध्ययनको चरणमै रहेको उनको भनाइ थियो । प्रतिवेदनले दिएका सुझावहरू आगामी दिनमा खरिद प्रक्रियाका लागि सहयोगी हुने मन्त्री खरेलले बताए ।

छानबिन समितिका संयोजक पूर्वसचिव गेलालले यस अध्ययन प्रतिवेदनले नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा भएका गोप्य बोलपत्र मूल्यांकनलाई प्रभावित नहुने स्पष्ट पारे ।

'हामीले प्रतिवेदनमार्फत नेपाल टेलिकमले प्रतिष्पर्धी बजारमा आफूलाई स्थापित गराउन र सेवाग्राहीका व्यक्तिगत विवरणको गोपनीयता तथा सुरक्षाका सम्बन्धमा केही सुझाव पनि दिएका छौं', उनले भने ।

पूर्वसचिव गेलाल संयोजक रहेको छानबिन समितिको सदस्यहरूमा सहसचिवत्रय गौरव गिरी, आदेश खड्का र कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक डा कमल लामिछाने र मन्त्रालयका उपसचिव राजेश थापा थिए ।

# बागमतीमा पहिलो चौमासिकमा ११ अर्ब ५९ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**बागमती–** चालु आर्थिक वर्षको पहिलो चार महिनामा बाग्मती प्रदेश सरकारले वार्षिक लक्ष्यको १७ दशमलव १८ प्रतिशत अर्थात् रु ११ अर्ब ५९ करोड ११ लाख ४१ हजार राजस्व संकलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य स्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँट आव २०८२/८३ मा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन हुने अनुमान गरिएकोमा साउनदेखि कात्तिकसम्ममा लक्ष्यको २२ दशमलव ४५ प्रतिशत अर्थात् रु छ अर्ब ९३ करोड ६४ लाख ४६ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकमा चारमा त्यसको करिब १६ दशमलव ७ प्रतिशत अर्थात् रु एक अर्ब २३ करोड ७० लाख ३५ हजार राजस्व संकलन भएको छ ।

यस्तै प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड अनुमान गरिएकोमा कात्तिक महिनासम्म २८ दशमलव दुई प्रतिशत अर्थात् रु दुई अर्ब ३१ करोड १८ लाख ४२ हजार राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकोमा सो अवधिसम्ममा रु दुई अर्ब ४९ करोड ५५ लाख ३५ हजार संकलन भएको छभने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु ८४ करोड ३६ लाख २१ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकोमा पहिलो चार महिनाको अवधिमा त्यसको २३ दशमलव ३७ प्रतिशत अर्थात् रु तीन अर्ब ४६ करोड ३४ लाख ७१ हजार मात्र प्राप्त भएको सूचना अधिकारी पौडेलले बताए ।

चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकोमा चार महिनाको अवधिमा लक्ष्यको २३ दशमलव ७० प्रतिशत अर्थात् रु एक अर्ब १३ करोड २२ लाख २८ हजार मात्र प्राप्त भएको छ ।

# दुनैमा नेपाल बैंक लिमिटेडको 'एटिएम'

■ प्रभाव संवाददाता

**डोल्पा–** नेपाल बैंक लिमिटेडले डोल्पा सदरमुकाम दुनै बजारस्थित आफ्नो शाखा कार्यालयमा 'एटिएम' सेवा थालनी गरेको छ ।

बैंकको ८९ औं वार्षिकोत्सवका अवसरमा बिहीबार दुनैमा आयोजित कार्यक्रममा बैंकका कर्णाली प्रदेश प्रमुख दिनेशप्रसाद पौडेलले सो सेवाको शुभारम्भ गर्दै स्थानीयसेवाग्राही र आन्तरिक पर्यटकलाई बैंकिङ सेवा सहज होस् भन्ने ध्येयले एटिएम सेवा सञ्चालन गरिएको जानकारी दिए ।

उनले भने, 'सूचना प्रविधिका युगमा डोल्पाका नागरिक र काठमाडौँका नागरिकले समान सेवा पाउनुपर्छ भन्ने बैंकको उद्देश्य रहेको छ ।' डोल्पा शाखाले २०३२ सालदेखि सेवा प्रदान गर्दै आएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी रमेश पौडेले डोल्पाका बैंकमा एटिएम छैन भन्ने युगको अन्त्य भएको भनाइ राखे ।

ठूलीभेरी नगरपालिका- ३ का वडाध्यक्ष भक्तबहादुर भण्डारी, उद्योग वाणिज्य संघ डोल्पाका अध्यक्ष लालीमान बुढा लगायतले नेपाल बैंक लिमिटेडद्वारा दुनैमा 'एटिएम' सेवा आरम्भ गरेकामा धन्यवाद व्यक्त गरे ।

उनीहरूले आगामी दिनमा घरजग्गा धितो राखेर सहजै व्यवसायको लागि ऋण लिने व्यवस्था गर्न माग गरेका छन् । बैंकका शाखा प्रमुख भवि भण्डारीले ग्राहकलाई एटिएम कार्ड उपलब्ध गराउने जानकारी दिए ।

# 'नेपाली उत्पादन अमेरिका पुऱ्याउन पहल गर्नेछु'

■ दामोदर खनाल

**रूपन्देही–** नेपाली अर्गानिक कृषि उत्पादनको अमेरिकी बजारमा पनि राम्रो माग रहेकाले यस क्षेत्रका अर्गानिक उत्पादन अमेरिकी बजारमा पुऱ्याउन आफुले पहल गर्ने क्यालिफोर्निया हर्कुलस सिटि काउन्सिल मेम्बर (वेटिङ मेयर) डिल्ली भट्टराईले वताएका छन् ।

रूपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा रहेको लुम्बिनी कृषि उपज थोक बजार अवलोकनका क्रममा हर्कुलस सिटि काउन्सिल मेम्बर, वेटिङ मेयर भट्टराईले उक्त कुरा बताएका हुन् । ईलेक्टेड डेलिगेगेट अफ क्यालिफोर्निया डेमोक्रेटिक पार्टी एसेम्वली डिस्ट्रिक प्रतिनिधि समेत रहेका उनले यो आर्थिक मन्दिका बेला पनि निजि क्षेत्रका व्यवसायि मिलेर यस्तो आधुनिक कृषि बजार स्थापना गर्नुले अर्थतन्त्र चलायमान गराउन निकै महत्व राख्ने बताए ।

आधुनिक सुबिधा सम्पन्न रूपमा बनाईएको यस्ता बजारले नेपाली अर्गानिक



बस्तु ग्रेडिङ प्रशोधन, बजारीकरण गरि विदेसि बजारमा निर्यात गर्न सकिने सम्भावना रहेको पनि जानकारी दिए । उनले क्यालिफोर्नियामा नेपाली जरीबुटिको पनि राम्रो माग रहेको वताए ।

वेटिङ मेयर भट्टराईले रूपन्देहीको तिलोत्तमा नगरपालिका र हर्कुलस सिटि वीच भगेनी सम्बन्ध राख्न र सहयोग लिन दिन सकिने विषयमा पनि पहल भईरहेको प्रतिबद्धता जनाउँदै भने, 'तिलोत्तमा नगरपालिकासँग निकट भविश्यमै पत्राचार आदान प्रदान हुने छ । यसले दुई देशबीचको सम्बन्ध प्रगाढ हुनुका साथै यस क्षेत्रको बिकासमा थप बल पुग्ने छ ।'

बजार अवलोकनका क्रममा लुम्बिनी कृषि उपज थोक बजार मणिग्रामका अध्यक्ष भिमकान्त पन्थीले लुम्बिनी कर्णाली, गण्डकी प्रदेशका किसानका उत्पादन बजारीकरणका लागि कृषि उत्पादन खरीद बिक्रिको स्थलका लागि निजि क्षेत्रको पहलमा यो थोक बजार स्थापना गरेको जानकारी दिए ।

भैरहवामा अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण भएर सुचारू भईसकेकाले नेपाली उत्पादन बिदेसि बजारमा पठाउन सहज हुने र यस्ता बजारको महत्त्वपूर्ण भुमिका रहने र अर्थतन्त्र चलायमान गराउन मद्दत मिल्ने वताए । आधुनिक सुबिधा सम्पन्न यो थोक बजार तीन बिगाहा क्षेत्रफलमा फैलिएको छ भनि जहा १ सय ७८ वटा आधुनिक व्यावसायिक सटर निर्माण गरिएको छ ।

कार्यक्रममा नेपाल किसान महासंघ लुम्बिनी प्रदेश अध्यक्ष रिता केसी, च्याउ किसान रिसव पोखरेल, सिईओ राम बहादुर खत्री, लुम्बिनी कृषिउपज थोक बजारका संचालक टंक बस्याल, बाबुराम भुषाल, कृष्ण पोखरेल, डोलराज भण्डारी, नमनका दामोदर खनाल, दिपेश बस्याललगायत उद्योगी व्यवसायीको सहभागिता रहेको थियो ।

# तनहुँमा मकै उत्पादन बढ्यो

**तनहुँ (प्रस)–** व्यास नगरपालिका-१० दुम्सीस्थित दरै सामुदायिक घरबास (होमस्टे) पुग्नेबित्तिकै अग्ला मकैका माच देखिन्छन् । यहाँ आउने जोकोही थांग्रो देखेर अचम्म मान्छन् ।

दरै सामुदायिक घरबासका सञ्चालक आशा दरै भन्छिन्, 'यही माचमा फोटो खिच्न र टिकटक बनाउन पाहुनाहरू व्यस्त हुन्छन् । विगतका वर्षमा ठूलो सुली भए पनि एउटा मात्रै थियो । यस वर्ष धेरै मकै फल्यो सुली पनि विशाल छ ।' यो वर्ष पर्याप्त उत्पादन भएका दुम्सीका घरैपिच्छे मकैका सुली भेटिन्छन् ।

विगतमा मकै लगाउने बेला तथा गोड्ने बेलामा किरा लाग्नुका साथै मलको अभाव किसानले बेहोर्नुपरेको थियो । यो वर्ष समस्या नभएकाले जिल्लामा पर्याप्त मकै उत्पादन भएको कृषि विकास कार्यालयका



बाली विकास अधिकृत किरण परियारले बताए ।

आव २०७९/८० मा २२ हजार २३८ हेक्टर क्षेत्रफलमा गरिएको मकैखेतीबाट ६७ हजार १५ मेट्रिक टन उत्पादन भएको थियो । २०८०/८१ मा २२ हजार ३४८ हेक्टर क्षेत्रफलबाट ६७ हजार २०० मेट्रिक टन मकै उत्पादन भएको थियो भने उत्पादकत्व तीन दशमलव ०१ रहेको थियो । आव २०८१/८२ मा २२ हजार १९५ हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट ७३ हजार २४६ मकै उत्पादन भएको छ । 'तनहुँ धानका साथै मकै उत्पादनको क्षेत्र पनि हो । जिल्लाको ऋषिङ गाउँपालिका नै पहिले मकैको बीउ उत्पादनको पकेट क्षेत्र हो', बाली विकास अधिकृत परियारले भने । तनहुँ धान, मकै, कोदो, गहुँ, भटमास, अदुवाका लागि उपयुक्त छ । सुन्तला उत्पादनको मुख्य पकेट क्षेत्र पनि हो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ